जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

भाँडाको लागि घर
क्याम्पस चौक र मुरली चौकको बीचमा सधैं एन.जी.ओ. तथा सरकारी संस्थाहरुले भाँडामा लिई राखेको घर हाल खाली भएकोले भाडामा लिने इच्छुक महानुभावहरुले सम्पर्क गर्नु हुन जानकारी गराईन्छ।
कोठा : १३ वटा अफिस कोटा + ३ वटा बाथरुम
चौकिदार क्वाटर : १ वटा
कम्पाउण्ड : साढे २ कठ्ठाभन्दा बढी, ठुलो ग्यारेज, गाडी राख्ने व्यवस्था सहित
सम्पर्क: ९८०४३३६९३६

वर्ष २५ • अंक १५७ • २०८० साल कार्त्तिक १४ गते मंगलबार (31 October, Tuesday, 2023) • पृष्ठ ८ • मूल्य रु. ५।-

मुख्यमन्त्री र एमालेको आ-आफ्नो अडानले कोशीमा अन्योल

टुडे समाचारदाता

विराटनगर । सरकारमा अन्य दललाई पनि सामेल गराउने मुख्यमन्त्री केदार कार्कीको प्रस्तावमा नेकपा एमालेले सहमति नजनाउँदा कोशी प्रदेश सरकारको विस्तार अनिश्चित बनेको छ।

मुख्यमन्त्री कार्की सरकारमा कम्तीमा गठबन्धनका दलहरू समेटेर अघि बढ्ने योजनामा छन् । तर, उनलाई मुख्यमन्त्री बन्न साथ दिएको एमाले भने कोशीमा कांग्रेस र एमाले मात्रै मिलेर सरकार चलाउनु पर्ने अडानमा छ । यही विषयले रोकिएको सरकार विस्तारको गाँठो फुकाउन सोमबार विराटनगरमा मुख्यमन्त्री र एमाले नेताहरूबीच लामो छलफल भए पनि बैठक निष्कर्षविहीन बनेको छ।

'मुख्यमन्त्रीजीसँग हामीले यही विषयमा छलफल गर्यौं', एमाले कोशीका प्रमुख सचेतक रेवतीरमण भण्डारीले भने, 'हामी निष्कर्षमा पुगेनौं । यस विषयमा मंगलबार पनि थप छलफल गर्ने सहमति भएको छ ।' सोमबारको बैठकमा एमालेका तर्फबाट छलफलमा सामेल दलका उपनेतासमेत रहेका मन्त्री राम रानामगर र भण्डारी सहभागी थिए । उनीहरू दुबैले प्रदेशमा एमाले र कांग्रेसको मात्रै सरकार बनाउनुपर्ने अडान दोहोर् याएका थिए।

'कोशीका हकमा हाम्रो प्रष्ट कुरा नै कांग्रेस र एमाले मिलेर सरकार चलाऔं अन्य दललाई सहभागी नगराऔं भन्ने हो। हामीले मुख्यमन्त्रीलाई त्यही कुरा भन्यौं', भण्डारीले भने, 'उहाँले मंगलबार थप छलफल गरौं भन्नुभएको छ।'

मुख्यमन्त्री कार्कीलाई आफूहरूले सहयोग गरेर सत्तासीन गराएको भन्दै अन्य विकल्पतिर आँखा नडुलाउन एमाले नेताहरूले बारम्बार भन्दै आएका छन् । तर, आफ्नो दल कांग्रेसको पनि उस्तै दबाबमा रहेका मुख्यमन्त्री कार्की सरकारलाई सहमतीय आकार दिने योजनामा छन् । नेपाली कांग्रेसबाट विद्रोह गरेर एमालेका ३९ सांसदको समर्थनमा प्रदेशको मुख्यमन्त्री बनेका कार्की अहिले दोहोरो दबाब झेलिरहेका छन् । एकातिर आफ्नै दल कांग्रेससहितको गठबन्धनलाई सरकारमा सामेल गराउनै पर्ने दबाबमा रहेका उनलाई एमालेले त्यसो नगर्न चर्को दबाब दिइरहेको छ । यो विषय टुंगो नलाग्दा सरकार विस्तार हुन सकेको छैन । मुख्यमन्त्रीसँगै शपथ लिएका दुई जना मन्त्री अहिलेसम्म जिम्मेवारीविहीन छन् ।

सरकारका प्रवक्तासमेत रहेका मन्त्री शमसेर राईले भने एमालेसितको छलफल सकारात्मक भएको दाबी गरे। उनले कोशीमा सहमतीय सरकार बनाउनु पर्छ भनेर तत्कालीन मुख्यमन्त्री हिक्मत कार्कीले सदनबाटै प्रस्ताव गरेको र सरकार त्यही लाइनमा दृढ रहेको बताए। 'उहाँ मुख्यमन्त्री हुँदै सदनबाटै सर्वदलीय सरकार बनाउन प्रस्ताव गर्नुभएको थियो', मन्त्री राईले भने, 'कोशीको राजनीतिक कोर्स त्यसैमा अघि बढेको छ । हामी उहाँको लाइनभन्दा पर छैनौं।'

बैठकमा सहभागीहरूका अनुसार मुख्यमन्त्री कार्कीले एमाले नेताहरूलाई सर्वदलीय सरकारका लागि तयार हुन आग्रह गरेका थिए। 'मलाई मुख्यमन्त्री बन्न तपाईहरूले गरेको सहयोगप्रति म आभारी छु', मुख्यमन्त्री कार्कीले बैठकमा भनेका थिए, 'अब सबै दल सहभागी बनेको स्थायी सरकार बनाऔं। सरकारलाई स्थायित्व दिऔं। यहाँहरूको सहयोग मलाई चाहियो।'

त्यस क्रममा मुख्यमन्त्री कार्कीले अहिलेसम्म नेतृत्वविहीन रहेका संसदीय समितिहरू पनि सहमतिकै आधारमा भागबन्डा गर्ने प्रस्ताव गरेका थिए । मुख्यमन्त्रीको यस्तो कुरा सुनेपछि एमाले नेताहरूले सुरूमै आपत्ति प्रकट गरेका थिए।

'तपाईलाई मुख्यमन्त्री हामीले बनाएका हौं', एमाले नेताहरूले मुख्यमन्त्रीलाई भनेका थिए, 'एमाले र कांग्रेस बाहेकको विकल्प अहिले खोज्नतिर नलाग्नुस् ।' यसरी मुख्यमन्त्री कार्की र एमाले नेताहरू आ-आफ्नो अडानमा अडिग रहेपछि सोमबारको बैठक निष्कर्षविहीन बनेको छ । मंगलबार कांग्रेस कोशीका नेताहरूसहितले एमालेसँग थप छलफल गर्ने भएका छन्।

एमाले नेता हिक्मत कार्कीले विश्वासको मत नपाउने निश्चित भएपछि कोशीमा संविधानको धारा १६८ को उपधारा ५ अनुसार असोज २७ गते शनिबार केदार कार्की मुख्यमन्त्री नियुक्त भएका थिए।

सत्ता गठबन्धन दलहरूले नेकपा माओवादी केन्द्रका संसदीय दल नेता इन्द्र आङ्बोलाई मुख्यमन्त्री बनाउने निर्णय गरेलगत्तै कांग्रेस नेता शेखर कोइराला समूहले कोशीमा विद्रोह गरेको थियो । त्यसको नेतृत्व मुख्यमन्त्री कार्कीले गरेका थिए।

एमालेका ३९ र कांग्रेसका विद्रोही ८ जना सांसदको समर्थनमा कार्की मुख्यमन्त्री नियुक्त हुँदा नहुँदै बालुवाटारमा भएको तीन शीर्ष नेता प्रधानमन्त्री पुष्पकमल दाहाल, कांग्रेस सभापति शेरबहादुर देउवा र नेता शेखर कोइरालाबीचको सहमतिको चिर्कटो बाहिरिएको थियो।

आफूलाई मुख्यमन्त्री बनाउन आड दिने नेता कोइरालाले बालुवाटारमा प्रधानमन्त्री दाहाल र देउवासँग गरेको 'चिर्कटो सहमति' कार्यान्वयन गर्नैपर्ने दबाब मुख्यमन्त्री कार्कीलाई छ। कार्कीलाई मुख्यमन्त्री बनाउन पार्टीभित्र विद्रोह गरेका नेता कोइरालाले आफू र आफ्नो टिम वर्तमान सत्ता गठबन्धनप्रति प्रतिबद्ध रहेको सहमति गरेका थिए । त्यो सहमतिअनुसार कोशीमा गठबन्धनका दललाई सरकारमा सामेल गराउन मुख्यमन्त्रीलाई दबाब छ।

त्यसो त मुख्यमन्त्री नियुक्त भएदेखि कार्कीले कोशीमा गठबन्धन दलहरूसँग छलफल तीव्र पारेका छन्। 'उहाँ हामीसित निरन्तर संवादमा हुनुहुन्छ', माओवादी नेता इन्द्र आङ् बोले भने, 'गठबन्धन दलहरूलाई सरकारमा सामेल गराउने कुरामा उहाँ प्रतिबद्ध देखिनु भएको छ।'

सत्ता गठबन्धनका नेताहरूले यसो भनिरहँदा आफू जुनसुकै बेला विपक्षमा जानुपर्ने त्रासमा एमाले छ। त्यसैले केन्द्रको गठबन्धन प्रदेशमा जस्ताको तस्तै ब्युँतिए तत्कालै सरकार छाड्ने चेतावनी एमालेले यसअघि नै दिइसकेको छ। त्यसैले कांग्रेस र आफूमात्रै मिलेर सरकार चलाउनुपर्ने अडानमा एमाले छ । एमालेले मुख्यमन्त्रीलाई दसैंअघि नै सरकार विस्तार गर्न भनेको थियो । तर, अहिलेसम्म अनेक बहाना गरेर मुख्यमन्त्रीले सरकार विस्तारमा आनाकानी गरिरहेका छन् । कात्तिक १ गते विश्वासको मत लिएका मुख्यमन्त्री कार्कीले सर्वदलीय सरकार बनाउने अडान नछाड्दा सरकार विस्तार अनिश्चित बनेको छ।

> आफूलाई मुख्यमन्त्री बनाउन आड दिने नेता कोइरालाले बालुवाटारमा प्रधानमन्त्री दाहाल र देउवासँग गरेको "चिर्कटो सहमति" कार्यान्वयन गर्नैपर्ने दबाब मुख्यमन्त्री कार्कीलाई छ । कार्कीलाई मुख्यमन्त्री बनाउन पार्टीभित्र विद्रोह गरेका नेता कोइरालाले आफू र आषनो टिम वर्तमान सत्ता गठबन्धनप्रति प्रतिबद्ध रहेको सहमति गरेका थिए । त्यो सहमतिअनुसार कोशीमा गठबन्धनका दललाई सरकारमा सामेल गराउन मुख्यमन्त्रीलाई दबाब छ ।

प्रहरी समायोजन गराउन सभासदहरुले धर्ना दिने

निजामती ऐन पारित हुने सातै प्रदेशबाट दबाब

टुडे समाचारदाता

जनकपुरधाम । प्रहरी समायोजन गराउन मधेश प्रदेशका सभासदहरुले धर्ना दिने भएका छन् । प्रहरी समायोजनमा संघीय सरकारले ढिलाइ गरेको भन्दै मधेश प्रदेशका सभासदहरुले धर्ना दिने बताएका छन्।

मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादव, भौतिक पूर्वाधार विकास मन्त्री कृष्णा यादव र नेकपा माओवादी केन्द्रका नेता भरत साह सम्मिलित टोली सोमबार प्रधानमन्त्री पुष्पकमल दाहाल संग बालुवाटारमा भेटेर यस्तो बताएका छन् । प्रहरी समायोजन, निजामती कर्मचारी सेवा विधेयक पारित गराउन प्रधानमन्त्रीले पहल गर्नुपर्ने धारणा राखेका थिए।

प्रहरी समायोजन हुन नसकेपछि प्रदेश सरकारको औचित्य नभएको र यसले प्रदेश सरकारप्रति आम जनताको निराशा बढेको उनीहरुले प्रधानमन्त्रीलाई जानकारी गराएका थिए।

यस अघि पनि प्रहरी समायोजनका लागि अन्तिम अल्टिमेटम दिन भन्दै प्रदेशका सातै आन्तरिक मामिला (गृह) मन्त्रीहरु साउन पहिलो साता काठमाण्डु पुगेका थिए । उनीहरुले तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवादेखि सत्ता गठबन्धनका सबै दलका अध्यक्षलाई भेटेर यथाशीघ्र प्रहरी समायोजनका लागि बाटो खुलाइदिन आग्रह गरेका थिए।

माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, जसपा अध्यक्ष उपेन्द्र यादव, सरकार सञ्चालन संयन्त्रका संयोजक रामचन्द्र पौडेल लगायतसँगको भेटमा प्रदेश गृहमन्त्रीहरुले समायोजन अघि बढ्ने आश्वासन त पाए, तर प्रक्रिया अघि बढिहाल्ने छाँट देखेनन्।

काठमाण्डु जानु भन्दा पहिला मधेश प्रदेशकै अगुवाइमा सातै प्रदेशका गृहमन्त्रीहरुले असार २३ मा सम्मेलन गर्दै जनकपुर घोषणा पत्र जारी गरेका थिए। घोषणा पत्रमा मूलतः प्रहरी समायोजनलाई तत्काल अघि बढाउनुपर्ने माग राखिएको थियो। त्यही माग लिएर उनीहरु काठमाण्डु पुगेका थिए। समायोजनको प्रक्रिया अघि बढ्ने संकेत नदेखिएपछि मधेश प्रदेशमा मन्त्रीहरु आफै दुई दिन केन्द्र सरकारविरुद्ध धर्ना बसेका थिए।

मधेश प्रदेशको राजधानी जनकपुरधाममा तत्कालीन मुख्यमन्त्री लालबाबु राउत, अर्थमन्त्री शैलेन्द्रप्रसाद साह, भूमि व्यवस्था, कृषि तथा सहकारी राज्यमन्त्री योगेन्द्र राय, जनता समाजवादी पार्टीका सचेतक शैलेन्द्र यादव, पूर्वराज्यमन्त्री सुरेश मण्डल लगायत धर्नामा सहभागी भएका थिए।

समायोजन प्रक्रिया अघि बढाउने आश्वासन पाएपछि धर्ना स्थगित गरिएको थियो। केन्द्रको रवैयाविरुद्ध मधेश प्रदेशले आन्दोलनको अगुवाइ गरिसकेको छ, यसमा सातै प्रदेशको समर्थन थियो।

यता, संघीय निजामती सेवा ऐन निर्माणको अन्तिम चरणमा पुगे पनि हालसम्म पारित हुन सकेको छैन् । हाल ऐनको मस्यौदा कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, अर्थ मन्त्रालय र लोक सेवा आयोगबाट सुझाव लिइ मन्त्रिपरिषद् मा पठाइएको छ। त्यस्तै गत भदौमा बसेको प्रतिनिधिसभाको राज्य व्यवस्था समितिको बैठकबाट विधेयक पारित भएको थियो। फेरि सरकारले त्यसलाई परिमार्जन गरेर अन्तिम रुप दिएको छ । तर पारित नगराइ मन्त्रिपरिषद्मै थन्काइएको छ।

सरकारले साउनको अन्तिममा संघीय निजामती सेवा ऐनको मस्यौदामाथि राय लिन लोक सेवा आयोग पठाएको थियो। साउन ११ गते बसेको मन्त्रिपरिषद् बैठकमा ऐनको मस्यौदा पेस भएको थियो । सो बैठकले तीनै तहका निजामती कर्मचारीको व्यवस्थापन गर्ने ऐनको विषयमा लोकसेवाको राय आवश्यक हुने भएकाले मन्त्रिपरिषद्ले रायका लागि लोकसेवा पठाउने निर्णय गरेको थियो । लोकसेवा आयोगले राय दिइसकेपछि पुनः मन्त्रिपरिषद्मै आएर विधेयक रोकिएको छ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवा सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको अन्तिम मस्यौदा तयार गरेको छ। सामान्य प्रशासन मन्त्रालयले सो विधेयकको मस्यौदा तयार गरी अर्थ र कानुन दुबै मन्त्रालयबाट स्वीकृत गराइ आवश्यक स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पेस गर्ने र मन्त्रिपरिषद्को स्वीकृति लिएर विधेयकलाई प्रतिनिधिसभामा पेश गर्नुपर्ने कानुनी प्रावधान छ।

सो विधेयक २०७५ सालमै निर्माण भइ संसदमा दर्ता भइसकेको थियो। विधेयकमा कर्मचारीको विरोध तथा राजनीतिक दलको मतभेदकै कारण सो विधेयक सरकारले फिर्ता लिने निर्णय गरेको थियो । सरकारले २०७५ माघ २७ मा संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्थापन गर्न बनेको विधेयक संसद सचिवालयमा दर्ता गरेको थियो। शेरबहादुर देउवाको नेतृत्वको सरकारले २०७८ असोजमा विधेयक नै फिर्ता लिएको थियो । दलहरूबीच मतभेद हुँदा विधेयक लामो समयसम्म प्रतिनिधिसभाको राज्य व्यवस्था समितिमा अलपत्र परेको थियो।

प्रधानमन्त्री दाहालले वस्तुस्थितिको बारेमा जानकारी गराउँदै प्रदेश प्रहरी ऐन छिट्टै कार्यान्वयनमा ल्याउने र निजामती कर्मचारी विधेयकसमेत आगामी सप्ताहसम्म पारित गर्ने विश्वास दिलाएका थिए। उनले जनताको विश्वास जित्ने खाले योजना ल्याउन मुख्यमन्त्री यादव लगायतका नेताहरुलाई सुझाव दिएका थिए।

प्रधानमन्त्री निवास बालुवाटारमा प्रहरी समायोजन, निजामती कर्मचारी सेवा विधेयक र संघीयतामाथि संकट विषयमा छलफल पछि क्रमशः मधेशका मुख्यमन्त्री सरोजकुमार यादव, प्रधानमन्त्री पुष्पकमल दहाल, माओवादी केन्द्रका नेता भरत साह र भौतिक पूर्वाधार तथा विकास मन्त्री कृष्णा यादव सामुहिक तस्विरमा। *तस्विर : टुडे*

प्रहरी समायोजन हुने

टुडे समाचारदाता

जनकपुरधाम। प्रदेश प्रहरी समायोजन हुने भएको छ । मधेश प्रदेश सरकारले सरकार गठन भएपछि प्रहरी समायोजनका लागि पहल गरे पनि हालसम्म प्रहरी समायोजन हुन सकेको छैन्।

प्रधानमन्त्री निवास बालुवाटारमा सोमबार मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादव, भौतिक पूर्वाधार विकास मन्त्री कृष्णा यादव र नेकपा माओवादी केन्द्रका नेता भरत साह संगको भेटमा प्रधानमन्त्री दाहालले आगामी सप्ताहसम्म ठोस निर्णय गरिने बताएका छन्।

मधेश प्रदेशले प्रहरीको समायोजन माग गर्दै ताकेता गरेको यो पहिलोपटक भने होइन । विशेष गरी मधेश प्रदेशले पटकपटक प्रहरी समायोजनको विषयलाई जोडतोडले उठाउँदै आएको छ। प्रदेशले उठाएका संविधान प्रदत्त ती विषयमा सिंहदरबार र बालुवाटारमा बसेका व्यूरोक्रेटदेखि नेताले प्रहरीलाई आफ्नो गोटी बनाइराख्नका लागि समायोजन गर्न अटेर गरेको बुझाई पूर्व गृहमन्त्री तथा माओवादी केन्द्रका नेता भरत प्रसाद साहको रहेको छ।

साहले भने, 'अहिले कर्मचारीदेखि नेता र मन्त्रीहरुले आफ्नो स्वार्थ अनुकूल प्रहरीको दुरुपयोग गर्न पाएकै छन्। भोलि समायोजन भएर प्रदेश मातहत गएपछि दुरुपयोग गरेर फाइदा लिन नसक्ने हुँदा उनीहरुकै कारण समायोजन रोकिएको हो।'

'जनमन सँ जनजन धरि'
रेडियो टुडे
९१ मेगाहर्ज
रेडियो टुडे ९१ मेगाहर्ज
समाचार आ मनोरञ्जन ल क
निरन्तर १८ घण्टा अहाँक सँग
सुझाव आ प्रतिकृयाकऽलेल
०४१-५२७५९१, ५२३८६७
भिन्सर ५ बजे सँ राति ११ बजे धरि

साधारणसभा सम्पन्न

टुडे समाचारदाता

जनकपुरधाम । एकता बचत तथा ऋण सहकारी संस्था लि जनकपुरधामको १३ औं वार्षिक साधारण सभा सम्पन्न भएको छ।

जनकपुर उद्योग वाणिज्य संघको सभा हलमा सोमबार आयोजित साधारण सभाको उद्घाटन गर्दै जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोज कुमार साहले कोरोना महामारी तथा विश्व आर्थिक मन्दीका कारण कतिपय सहकारीहरुले जनताले बचत गरेको रकम डुबाउने गरेको तथा अधिकांश सहकारी संस्थाहरु नराम्ररी प्रभावित भएको बेला एकता बचत तथा ऋण सहकारी संस्थाले वित्तीय क्षेत्रमा उल्लेखनीय कार्य गरिरहेको बताए।

कार्यक्रममा तराई मधेश लोकतान्त्रिक पार्टीका नेता तथा जनकपुरधाम उपमहानगरपालिका पूर्व उपमेयर मोहम्मद असगर अलीले सामाजिक दायित्व अन्तर्गत संस्थाले गरिब, विपन्न, असहायहरुमा नाफाको केही रकम खर्च गर्नुपर्ने बताए।

एकता बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष यन्दु जैनको अध्यक्षतामा भएको साधारण सभाको उद्घाटन सत्रमा जनकपुर उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष श्याम साह, नेता मनोज चौधरीसहितले आफ्नो मन्तव्य राखेका थिए।

कार्यक्रममा सहकारीका म्यानेजर मोबारक राईनले आर्थिक वर्ष २०८०/०८१ मा संस्थाको शेयर पुंजी १ करोड ९४ लाख ८१ हजार, जगेडा लागयतका कोष १ करोड ३६ लाख रहेको प्रतिवेदन प्रस्तुत गरेका थिए। त्यसैगरि, सोही आर्थिक वर्षमा संस्थाले १० करोड ८२ लाख निक्षेप संकलन गरी ११ करोड ७६ लाख ऋण लगानी गरेको प्रतिवेदन प्रस्तुत गरेका थिए।

संस्थाले चालु आर्थिक वर्षमा ६३ लाख १० हजार नाफा गरेको प्रतिवेदनमा उल्लेख छ।

दसैं बिदामा २० हजार बढी पर्यटकले निकुञ्ज घुमे

चितवन । दसैंको बिदामा २० हजारभन्दा बढी पर्यटकले चितवन राष्ट्रिय निकुञ्ज घुमेका छन् । असोज २८ गते घटस्थापनाका दिनदेखि कात्तिक ११ गते पूर्णिमाको दिनसम्म २० हजार ६० जनाले निकुञ्ज घुमेका हुन् । जसमध्ये नेपाली १३ हजार दुई सय ३३ छन् ।

उनीहरुले विभिन्न प्रवेशद्धारबाट भ्रमणका लागि निकुञ्ज प्रवेश गरेका हुन् । भ्रमणमा आएकामध्ये विदेशी छ हजार ४८ र सार्क देशका सात सय ७९ जनाले भ्रमण गरेको निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारीले जानकारी दिनुभयो । उहाँका अनुसार सोही समयमा सात सय ३७ पटक जीप सफारी भएको छ।

उहाँका अनुसार घुम्न आउनेमध्ये सबैभन्दा धेरै सौराहा क्षेत्रबाट निकुञ्ज प्रवेश गरेका हुन । सौराहा क्षेत्रबाट नेपाली १२ हजार पाँच सय ५८, विदेशी चार हजार पाँच सय ४३, सार्क मुलुकका पाँच सय ६३ जनाले भ्रमण गरेका हुन् । यस क्षेत्रबाट चार सय चार पटक जीप सफारी भएको छ। यस्तै कसरा क्षेत्रबाट नेपाली ३०८ जना, विदेशी ७६६ जना, सार्क मुलुकका १०४ जना र जीप सफारी १६४ पटक, मेघौली क्षेत्रबाट २७७ जना नेपाली, ५०५ जना बिदेशी र सार्कका १०९ जना र १११ पटक जीप सफारी गरिएको छ। दसैंको समयमा माडी क्षेत्रबाट १३ जना नेपाली, १९ जना बिदेशी, सार्क राष्ट्रका तीन जना र जीप सफारी चार पटक, अमलटारी क्षेत्रबाट ५३ जना नेपाली २१३ जना बिदेशी र १६ पटक जीप सफारी गरिएको उहाँले बताउनुभयो । उहाँका अनुसार कुजौली क्षेत्रबाट २४ जना नेपाली, २ जना विदेशी एबं दुई पटक जीप सफारी गरिएको छ। दसैंको समयमा निकुञ्ज भ्रमण गर्नेहरुबाट रु एक करोड ८५ लाख ४४ हजार नौ सय ५० राजस्व सङ्कलन भएको छ । तिवारीका अनुसार गत वर्षको तुलनामा यस वर्ष निकुञ्ज भ्रमण गर्नेको सत्र्याया वृद्धि भएको छ। कोरोनाका कारण घटेको पर्यटक विस्तारै बढ्न थालेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "गत वर्षहरुको तुलनामा नेपालीसँगै विदेशी पर्यटक बढेको छ।"

सौराहामा ९० प्रतिशत विदेशी पर्यटक

सौराहामा विदेशी पर्यटकको सत्र्या एक्कासी बढेको छ । दैनिक एक हजार पाँचभन्दा बढी विदेशी पर्यटक सौराहा आएको क्षेत्रीय होटल सङ्घका अध्यक्ष गङ्गा गिरीले बताउनुभयो । कोरोनापछि सबैभन्दा बढी विदेशी पर्यटक अहिले आएका हुन् । अहिले आएका पर्यटकमध्ये तेस्रो मुलुकका ४० प्रतिशत, चिनियाँ ३० प्रतिशत, भारतीय २० प्रतिशत र स्वदेशी १० प्रतिशत रहेका छन् । उहाँको भनाइअनुसार अहिले ९० देखि ९५ प्रतिशत कोठा बुकिङ भएका छन् । आउँदो डिसेम्बर सम्म ७५ हजारले बुकिङ गरिसकेको उहाँले जानकारी दिनुभयो । दसैंको बिदा सकिएसँगै स्वदेशी पर्यटक घटेका हुन् भने एकाएक विदेशी बढेका छन् ।

विभिन्न देशबाट काठमाडौं आएका विदेशी पर्यटक सौराहा आएका छन् । पोखरा र लुम्बिनीलाई गन्तव्य बनाएका पर्यटक पनि सौराहा आउन थालेका हुन् ।

सौराहामा स्वदेशी तथा विदेशी पर्यटकको सत्र्या बढेपछि हात्ती, जीप र डुङ्गा सफारी चलायमान भएका छन् । दैनिक एक ट्रिप गर्न मुस्किल रहेको हात्ती सफारी अहिले तीन ट्रिपसम्म हुन थालेको युनाइटेड हात्ती सञ्चालन सहकारी संस्थाका अध्यक्ष दिपेन्द्र खतिवडाले जानकारी दिनुभयो । सौराहामा एक सय २५ होटल र ९५ रेस्टुरेण्ट रहेका छन् । मुलुकको तेस्रो पर्यटकीय गन्तव्य सौराहामा सात हजार पाँच सय पर्यटक राख्न सक्ने क्षमता रहेको छ। सफारी पर्यटनको हिसाबले विश्वमा चितवन राष्ट्रिय निकुञ्जलाई चिन्ने गरिन्छ। निकुञ्जको प्रवेशद्धारमध्ये धेरै पर्यटक प्रवेश गर्ने क्षेत्र सौराहा हो। रासस

पर्यटकीयस्थल चिल्लागढमा महागुरु फाल्गुनन्दको पूर्णकदको शालिक

झापा, १३ कात्तिक : प्रसिद्ध कनकाई नदीको किनारमा अवस्थित चिल्लागढ धाममा राष्ट्रिय विभूति महागुरु फाल्गुनन्द लिङ्देनको पूर्णकदको शालिक निर्माण भएको छ।

शालिक निर्माण भएको स्थान झापाको शिवसताक्षी नगरपालिका वडा नं. ९ मा पर्दछ । हिन्दू र बौद्ध धर्मावलम्बीको मठमन्दिरले सजिएको कनकाई धार्मिक क्षेत्र अब किरात धर्मावलम्बीको पनि तीर्थस्थल बनेको छ।

चिल्लागढ धाम धार्मिक तथा पर्यटन विकास समितिका अध्यक्ष शिशिर तुम्बापोका अनुसार उक्त शालिक रु ५० लाखको लागतमा निर्माण भएको हो । महागुरु फाल्गुनन्दको १३९औं जन्मजयन्तीका अवसरमा यही कात्तिक २५ गते शालिकको विधिवत् उद्घाटन गरिने उहाँले जानकारी दिनुभयो । किरात धर्म गुरुबाट फाल्गुनन्दको शालिक अनावरण गरिने किरात धर्म साहित्य उत्थान सङ्घ केन्द्रीय अध्यक्ष डिकेन्द्र सिंह थेगिमले जानकारी दिनुभयो । किरात महागुरु फाल्गुनन्दको अहिंसा र विश्व मानव जगतको शान्तिका लागि पुऱ्याउनुभएको सन्देशलाई कदर गर्दै शालिक निर्माण र जन्मजयन्ती समारोहको आयोजना गरिएको उहाँले बताउनुभयो।

शिवसताक्षी वडा नं. ९ का अध्यक्ष डिल्लीलाल फेम्बूले चिल्लागढ धाम किरात र हिन्दू दुबै धर्मावलम्बीको साझा तीर्थस्थलको रुपमा विकास भइरहेको र यहाँ पर्यटकीय पूर्वाधारको निर्माणमा समेत पालिकाले जोड दिइरहेको बताउनुभयो । उहाँका अनुसार धाम क्षेत्रमा माता मन्दिर, शिवालय, पोखरी, राम सीता मन्दिर, किरात माडहिम (मन्दिर) लगायतका मठमन्दिर छन् ।रासस

तिहारसम्ममा सबै राष्ट्रिय राजमार्ग मर्मत गरिने

काठमाण्डु । भौतिक पूर्वाधार तथ यातायातमन्त्री प्रकाश ज्वालाले वर्षाका कारण क्षतिग्रस्त भएका सडकममध्ये आधामा दसैं पहिले नै मर्मत सकिएको र बाँकीमा तिहार अघिसम्म सकिने बताउनुभएको छ।

प्रतिनिधिसभा, पूर्वाधार विकास समितिको बैठकमा उहाँले मुख्य राजमार्ग र काठमाडौं उपत्यकाका धेरै सडकमा मर्मतको काम गरिसकिएको बताउनुभयो । चाडपर्वका लागि काठमाडौं उपत्यका बाहिरिने नागरिकलाई सहज बनाउन लागिएको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "यात्रुले सजिलै टिकट पाएर आआफ्नो घर फर्कन पाएका छन् ।"

दसैंमा नागरिकलाई यात्रामा सहज बनाउनका लागि घटस्थापनादेखि पूर्णिमासम्म हेभी सवारीमा रोक लगाइएको र सवारी जुनसुकै मार्गमा जान सक्ने व्यवस्था मिलाइएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "अघिल्ला वर्षहरुभन्दा यो वर्ष दुर्घटना पनि कम भएको छ।"

समितिका सभापति दीपकबहादुर सिंहले सडक निर्माण गर्दा नै कम्तीमा १०/१२ वर्षसम्म मर्मत गर्न नपर्ने गरी गर्नुपर्ने बताउनुभयो । निर्माणाधीन सडकमा धुँवा धुलोका कारण नागरिकले धेरै हैरानी बेहोर्नुपरेको उहाँको भनाइ थियो । उहाँले भन्नुभयो, "खाना खाँदा खानामै धुलोका कण र पसलेले पसल खोल्दा सामानमा धुलोनै धुलो भइरहेको छ।"

भौतिक पूर्वाधार मन्त्रालयका सचिव केशवकुमार शर्माले दसैंभर पनि सडक विभाग र यातायत व्यवस्था विभागअन्तर्गतका कार्यालयले नागरिकका गुनासो सुन्ने र सम्बोधन गरेको बताउनुभयो ।

यो वर्ष तुलनात्मक रुपमा कम सडक दुर्घटना भएको र नागरिकले टिकट नपाउने समस्या कम भएको उहाँको दाबी थियो ।

समितिका सदस्यहरु ठाकुर गैरे, प्रदीप पौडेल, शिव नेपाली, विना लामा, डा. चन्द्रकान्त राउत, दयालबहादूर शाही, निशा डाँगी, कल्पना चौधरी, प्रतिमा गौतम, निर्मला कोइरालालगायतले सडकको खराब अवस्था र सवारी अव्यवस्थित हुँदा नागरिकले सधैं चाडपर्वको समयमा हैरानी बेहोरिरहेको औंलयाउनुभएको थियो । नारायणगढ-बुटवल, मुग्लिन-नागढुङ्गा, सिद्धार्थ राजमार्गलगायतका सडकमा धेरै समस्या रहेको उहाँहरुले बताउनुभयो । समिति सदस्यहरुले दसैं मनाउन जाँदा र फर्कँदा सामान्यभन्दा दोब्बर बढी समय लागेको बताउनुभयो ।

समितिले आजै ग्वार्कोस्थित फ्लाई ओभर, विस्तारका क्रममा रहेको कलङ्की-बसुन्धारा सडक र विष्णुमतीस्थित पुलको स्थलगत अवलोकन गरेको थियो ।रासस

मलंगवा बजारको सरसफाइ

टुडे समाचारदाता

सर्लाही । मलंगवा नगरपालिकाका मेयर नागेन्द्र प्रसाद यादव मलंगवा बजारको सरसफाइका लागि आफै सक्रिय भएका छन् । मलंगवा नगरपालिकाले जिल्लाकै सबैभन्दा पुरानो बजार क्षेत्रको सरसफाइका लागि सुरु गरेको विशेष सरसफाइ अभियानको सोमबार बिहान मेयर यादवले नगरपालिका कार्यालय अगाडिको सडकमा झाडु लगाएर उक्त अभियानको शुभारम्भ गरेका छन् ।

बजारलाई सफा, सुन्दर र रमणीय बनाउनका लागि उक्त अभियानको सुरुवात गरिएको छ । प्रदूषणमुक्त सहर बनाउनका लागि मेयर यादव आफै झाडु बोकेर बजार सरसफाइमा सक्रिय भएका छन् । उनीसँगै प्रमुख प्रशासकीय अधिकृत रंजित कुमार यादव ,नगरपालिका अन्तर्गतका १२ वटै वडाका वडा अध्यक्ष, कार्यपालिका सदस्य, कर्मचारी र नेपाल प्रहरी तथा सशस्त्र प्रहरीले संयुक्त रुपमा बजारको सरसफाइ गरेका छन् ।

आउँदै गरेको दीपावली र छठ पर्वलाई समेत लक्षित गरेर सुरु गरिएको विशेष सरसफाइ अभियानको अवधिभर मलंगवा नगरपालिकाको मुख्य बजारक्षेत्र, विभिन्न वडा, टोल, मठमन्दिर, पोखरी तथा तलाउहरुको सरसफाइ गरिने मेयर यादवले जानकारी दिए।

आफ्नो घरआँगन र बजार क्षेत्र सधैं सफा राख्नुपर्छ भनेर बजारवासीहरूलाई हौसला प्रदान गर्नका लागि आफै सडकमा झाडु बोकेर निस्किएको मेयर यादवले बताए । अहिले विभिन्न खालका रोगहरू डेंगु, मलेरिया र स्क्रबटाइफस जस्ता महामारी फैलिइरहेको अवस्थाले त्यसको समेत नियन्त्रण गर्नका लागि सरसफाइ अभियानको सुरुवात गरिएको उनले बताए । सोमबारबाट सुरु भएको विशेष सरसफाइ अभियान निरन्तर रूपमा जारी रहने र यसको लागि नगरपालिकाका कुचीकारहरुलाई पनि काममा खटाइएको सूचना अधिकृत राजकुमार अधिकारीले जनाए।

द्रुत बस सेवा तिहारपछि पुनःसञ्चालन हुने

काठमाण्डु । दसैंपछि रोकिएको रत्नपार्क-सूर्यविनायक द्रुत बस सेवा तिहार पछि पुनः सञ्चालनमा आउनेभएको छ।

सेवा सञ्चालनका क्रममा प्राविधिक र व्यवस्थापकीय पक्षमा देखिएका समस्याको हल गर्दै तिहार बिदा सकिएलगतै पुनःसञ्चालनमा ल्याउन लागिएको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले जनाएको छ। यसै वर्षको संविधान दिवसदेखि सञ्चालनमा आएको रत्नपार्क-सूर्यविनायक द्रुत बस सेवा हाल रोकिएको छ।

दसैंदेखि तिहारसम्म राजधानीका सडकमा जाम नहुने र यही बेला प्राविधिक र व्यवस्थापकीय समस्या सुल्झाउन द्रुत बस सेवा रोकिएको भौतिक पूर्वाधारमन्त्री प्रकाश ज्वालाले बताउनुभयो । उहाँले भन्नुभयो "तिहारको बिदा सकिएकै दिनदेखि पूर्ण क्षमतामा द्रुत बस सञ्चालन हुनेछ।" द्रुत बस सेवा रोकिएको नभएर अहिले २५ वटा मात्र सञ्चालन रहेकामा त्यो सत्र्या बढाएर लैजाने गरी तयारी थालिएको मन्त्री ज्वालाको भनाइ छ ।रासस

तपाईको आज

पण्डित : ब्रम जी

मेष	: वाद विवादबाट बच्नु।
बृष	: बौद्धिक क्षमता।
मिथून	: सुख समृद्धि हुने।
कंकट	: भ्रमण अवसर हुने।
सिंह	: अवसर प्राप्त।
कन्या	: शिक्षामा उन्नति।
तुला	: पारिवाहिक सुख।
वृश्चिक	: नयाँ कार्य हुने।
धनु	: पुरस्कार प्राप्त लाभ।
मकर	: प्रतिभा सम्पन्नता।
कुम्भ	: धन बृद्धि सञ्चय।
मीन	: प्रेम प्रसंग, मित्र सुख।

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

बारुण यन्त्र	५२००११
प्रहरी (हण्टीङ्गलाईन)	४२००९९,४२०२९९, १००
एम्बुलेन्स (रेडक्रस)	१०२
एम्बुलेन्स (मेडिकल कलेज)	५२६०९०, ५२६०९१
एम्बुलेन्स (हिमालय युवा क्लब)	९८०४८१५१२६
अञ्चल अस्पताल	५२००३३
जनकपुर सिटी हस्पिटल भानुचोक	५२५०१, ५२५८९९
नेपाल शिक्षक संघ (एम्बुलेन्स)	९८०१६४४४५५,९८५४०२८२९६
जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक	५२५३४१
रक्तसंचार (रेडक्रस)	५२०८७०
ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स)	९८५४०२७४३४
कृष्णा नर्सिङ्गहोम	५२१९१८
विरेन्द्र डेन्टल हेल्थ केयर	५२८४३७
आँखा अस्पताल	५२०३९७
रेडियो टुडे (९१ मेगाहर्ज)	९८०१६२६०२६
एयर पोर्ट	५९००५८, ५९००५२
विद्युत फ्युज शाखा	५९०८३४, ५९०८३५
साह केबुल	५२४७२२
जानकी केबुल	५२३७२८
म्याक्स टीभी	०४१-५९०८९७,९८०१६६८६५२
नगर सेफ्टी टैंक सफाई सेवा	५२१२६२
मुजेलिया प्रहरी चौकी	५२०७५०
सशस्त्र प्रहरी मुजेलिया	५२७२१३, ५२७८००
बुद्ध एयर	५२५०२२
यति एयरलायन्स, शिवचोक	५९०३०१/५९०३०२
होटल मानकी	९८१५८९३५३४, ९८१५८९३३४३
होटल रामा	५२००५९, ५२३८५४
वेलकम होटल	९८०१६२००६५, ९८०१६२००६४
गौतम होटल, बर्दिबास	०४४-५५००३४
जलेश्वर अस्पताल	०४४-५२००७०
प्रहरी (जलेश्वर)	०४४-५२०००९
एम्बुलेन्स (जलेश्वर)	०४४-५२०१००
विद्युत (जलेश्वर)	०४४-५२००६६, ५२०१६६

रत्न सागर मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ५:०० बजे
बिहान पूजा आरती	: ८:०० बजे
भोगराज लाग्ने समय	: ११:३० बजे
निशुल्क अन्न क्षेत्र (दिउँसो)	: १२:०० बजे
मन्दिर बन्द हुने समय	: १२:०० बजे
खुल्ने समय (दिउँसो)	: ४००: बजे
रात्री आरती पूजा हुने समय	: ९:३० बजे
रात्री मन्दिर बन्द हुने समय	: १०:०० बजे

जानकी मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ०५:०० बजे
बिहान पूजा आरती	: ०७:०० बजे
बिहान ढोका बन्द	: १२:०० बजे
अन्न क्षेत्र	: निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय	: ०४:०० बजे
सन्ध्या पूजा आरती:साँझा	: ०७:३० बजे

राम मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ०५:०० बजे
मंगल आरती	: ०७:३० बजे
महाप्रसाद भोग	: १२:०० बजे
दिउँसो ढोका खुल्ने समय	: ०३:३० बजे
सन्ध्या पूजा आरती साँझ	: ०७:०० बजे
रात्रि भोग	: ०९:०० बजे
पट बन्द	: ०९:१५ बजे

तराई-मधेशमा मुख्य पर्वका रूपमा मनाइने छठ पर्वका लागि महोत्तरीको सदरमुकाम जलेश्वर बजारमा बिक्री गर्न राखिएका बाँसबाट निर्मित डालो, नाङ्लो लगायत सामग्री। *तस्बिर : रासस*

गाँजा तस्करीको केन्द्र बन्दै महोत्तरी

महोत्तरी । गाँजाकै कारण केही दशकअघि महोत्तरीको अजमरपट्टी बस्ती संसारभर चर्चामा थियो । गाँजाको लत लागेका व्यक्तिहरूले यहाँको अजमरपट्टीको चर्चा गरिरहन्थे । "त्यतिखेर आफ्नो जिल्लाको एउटा सानो बस्तीको नाउँ विदेशीले किन लिन्छन् ? आखिर के रहेछ त्यहाँ ? भन्ने लाग्थ्यो," एक विदेशी नागरिकले अजमरपट्टीबारे चासो राखेको पुरानो सन्दर्भ बर्दिबास-६ किसान नगरका ७० वर्षीय वीरबहादुर सुसलिङ सम्झनुभयो ।

"त्यही चासोले अजमरपट्टी जाँदा त्यतिखेर जिल्लाको उत्तरक्षेत्रमा खेती गरिने सूर्तीको 'प्याक' बनाएको देखेको मलाई अजमरपट्टीमा बनाइने 'प्याक' पनि कुनै एकखाले सुर्तीकै हो भन्ने परेको थियो," करिब पाँच दशकअघिको कुरा सम्झदै सुसलिङले भन्नुभयो, "ती त गाँजाका प्याक रहेछन् भन्ने निकैपछि थाहा पाएँ ।"

सरकारले गाँजा खेती निस्तेज गर्न कडाइ सुरु गरेसँगै अजमरपट्टीमा गाँजा नष्ट गरिएका खबर रेडियोबाट सुनेपछि बल्ल आफूले त्यहाँ देखेको 'प्याक' सुर्तीको नभएर गाँजाको भएको रहस्य थाहा पाएको सुसलिङ सम्झनुहुन्छ ।

त्यहाँ (अजमरपट्टी) उत्पादित गाँजा विश्व बजारमा उत्तम भएको सो बस्तीका छ दशक उमेर नाघेका पाका व्यक्ति अझै बताउँछन् । "गाँजा खानेहरूले हाम्रो बस्तीको नाउँ जान्दथे," सो बस्तीका ७० वर्षीय रामअनेक मण्डल भन्नुहुन्छ, "समय गयो, गाँजा खेती सरकारले बन्द गऱ्यो, अब यो नाउँ बिर्सेहोलान् सबैले ।"

अजमरपट्टीको माटोमा गाँजा राम्ररी फस्टाउने र अन्तराष्ट्रिय बजारमा यो ठाउँमा उत्पादित भनेपछि राम्रो मूल्यमा बिक्री हुने कुरा विगत सम्झदै अहिले पनि सो बस्तीका बुढापाका बताउँछन् । समयक्रममा अजमरपट्टी र आसपासको गाँजाखेती त सरकारी प्रयत्नले निर्मूलजस्तै भयो । तर गाँजा तस्करीको केन्द्रचाँही महोत्तरी झन् बलियो बन्दै गएको त्यसयताका बर्सेनिका घटनाले देखाउँदै आएका छन् ।

अहिले महोत्तरी गाँजा उत्पादन होइन, यो अवैध कारोबार व्यवस्थापन र ओसार पसारको केन्द्र जस्तै बन्दै गएको छ । भित्री पाहाडी खोंच र पाखाभित्तामा उत्पादित गाँजा सुरक्षाचौकी छल्दै महोत्तरीका विभिन्न बस्तीमा लुकाइने र भारतीय तस्करसँगको

समन्वयले बाहिरिने गरेको पछिल्ला एक दशकयताका घटनाले देखाउने प्रहरी अधिकारी नै स्वीकार गर्छन् ।

"अब महोत्तरीमा गाँजा खेती भेटिन्न, प्रहरीको निरन्तरको प्रयत्नले यो करिब निर्मूल भएको छ," जिल्ला प्रहरी कार्यालय महोत्तरीका सूचना अधिकारी (प्रवक्ता) प्रहरी नायब उपरीक्षक दिलीपकुमार गिरी भन्नुहुन्छ, "तर ओसारपसारको थलो चाँही अवैध धन्दावालले यो ठाउँलाई बनाउँदै आएका देखिन्छ ।"

आइतबारमात्रै जिल्ला प्रहरी कार्यालय सर्लाहीले महोत्तरी/सर्लाही सीमा नजिकको कविलाशी-९ को झिम नदी किनारमा दुई सय ५० किलो लागुऔषध गाँजासहित नियन्त्रणमा लिइएका दुई जना र ओसारपसारमा प्रयोग भएको सवार ासाधन सार्वजनिक गऱ्यो । यसअघि गत असोज अन्तिम सातामा महोत्तरीको जिल्ला सदरमुकाम जलेश्वर नजिकै जलेश्वर-सम्सी सडकमा प्रहरीले चार क्विन्टल बढी चार सय पाँच किलो गाँजा बरामद गरेको थियो ।

सर्लाही प्रहरीले नियन्त्रणमा लिएका ओसारपसारमा संलग्न व्यक्ति स्थानीय भए पनि गत असोजको अन्तिम साता महोत्तरी प्रहरीले नियन्त्रणमा लिएको गाँजासहित भने मकवानपुरका बासिन्दा फेला परेका थिए । जिल्लाका विभिन्न ठाउँमा गरिने खोजअभियानमा थोरै परिमाणको गाँजा भेटिँदा यहीँकै स्थानीय (जिल्लाकै) भेटिने र परिमाण बढी हुँदा धेरैजसो मकवानपुरका मानिस समातिएका प्रहरी अधिकारीको अनुभव छ ।

"पछिल्ला १० वर्षभित्रका घटना केलाइँदा करिब बर्सेनि ठूलो परिमाणमा गाँजा यहाँ बरामद गरिएका छन् । ती घटना अधिकांश मकवानपुरसहितका पाहाडतर्फका मानिस भेटिएका छन्," प्रनाउ गिरी भन्नुहुन्छ, "पाहाडतर्फ उत्पादित गाँजा बाहिर पठाउन भारतीय तस्करसँग समन्वय गर्ने थलो महोत्तरीलाई बनाइएको घटनाले देखाउँछन् ।"

प्रहरीले सक्रियतापूर्वक तस्कर जालो च्यात्ने काम गरिरहेको गिरीको भनाइ छ । पछिल्ला १० वर्षयता महोत्तरीमा एक पटकमा १० क्वीन्टल (एक हजार किलो)सम्म गाँजा एकपटकमा बरामद गरिएको पुरानो घटना अभिलेखले देखाएको छ । यहाँ गाँजा खेती हुन छाडे पनि यसको ओसारपसारको समन्वय थलो भने तस्करले बनाएका पाइन्छ । यहाँ खेती गरिदाको बेलाका भारतीयसहित अन्तर्राष्ट्रिय बजारका यसका कारोबारीको सम्बन्ध पुस्तान्तरण हुँदै अहिलेसम्म जिउँदो रहँदा यो ओसारपसारको थलो कायम रहेको अड्कल गरिन्छ । यसबाहेक मकवानपुर, सिन्धुपलाञ्चोक र सिन्धुलीतिरबाट चोरबाटो अपनाउँदै चुरे काछ कटेर भारतीय सीमा नजिक पुग्न महोत्तरी/सर्लाहीको भूगोल छोटो र सजिलो मानेर पनि यो धन्दामा लागेकाले ओसारपसारको थलो यहाँ बनाएका हुनसक्ने सुरक्षा अधिकारीको आंकलन छ ।

नेपालका पाहाडी जिल्लाका वनपाखामा उत्पादित गाँजा बाहिर पठाउन मात्र नभइ भारतीय बजारबाट लागुऔषधका विभिन्न ठाउँमा पुऱ्याउन पनि महोत्तरीको भारतीय सीमावर्ती नाका बाक्लै प्रयोग भएको घटनाले देखाएका छन् ।

जिल्लाको उत्तरी मुख्य व्यापारिक केन्द्र बर्दिबास नगरक्षेत्र लागुपदार्थ दुर्व्यसनीको अड्डा बन्दै गएको यहाँका सामाजिक अगुवाले चिन्ता जताउँदै आएका छन् । लागुपदार्थको दुर्व्यसन र यसको ओसारपसार रोक्न प्रहरीको एक्लो प्रयत्न पर्याप्त नहुने प्रनाउ गिरी बताउनुहुन्छ । स्थानीय तह, घरका अभिभावक, विद्यालयका शिक्षक, सामाजिक सङ्घसंस्थाका कार्यकर्ता र नागरिक समाजका प्रतिनिधिले लागुपदार्थ दुर्व्यशन र ओसारपसारविरुद्ध सचेतना अभियानमा सचेततापूर्वक जोडिन आवश्यक रहेको उहाँको भनाइ छ । रासस

बागमती प्रदेश सरकारद्वारा सङ्घीय सरकारविरुद्ध सर्वोच्च अदालतमा रिट दायर

हेटौडा । बागमती प्रदेश सरकारले सङ्घीय सरकारविरुद्ध सर्वोच्च अदालतमा रिट दायर गरेको छ । आइतबार बागमती प्रदेश सरकारले नेपाल सरकारलाई विपक्षी बनाएर सर्वोच्च अदालतको संवैधानिक इजालसमा रिट दायर गरेको हो ।

प्रदेश सरकारको क्षेत्राधिकारमाथि हस्तक्षेप गरेको भन्दै सङ्घीय सरकारविरुद्ध बागमती प्रदेश सरकारले रिट दायर गरेको हो । बागमती प्रदेश सरकार सहरी क्षेत्र सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरण ऐन, २०७९ को विरुद्धमा सर्वोच्च अदालत पुगेको हो ।

प्रदेश सरकारका तर्फबाट श्रम, रोजगार तथा यातायातमन्त्री लक्ष्मण लम्सालले सर्वोच्चमा रिट दायर गर्नुभएको हो । उहाँले दायर गर्नुभएको रिटमा नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सङ्घीय संसद् सचिवालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सङ्घीय राजधानी सहरी क्षेत्र सार्वजनिक यातायात प्राधिकरण, सङ्घीय राजधानी सहरी क्षेत्र सार्वजनिक यातायात प्राधिकरणको प्रमुख कार्यकारी अधिकृत कुवेर नेपालीलाई विपक्षी बनाइएको छ। संविधानले दिएको अधिकारमाथि हस्तक्षेप गर्दै सङ्घीय संसद्बाट सहरी क्षेत्र सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरण ऐन, २०७९ पारित गरेको प्रदेश सरकारको दाबी रहेको छ।

प्रदेश सरकारले दायर गरेको रिट निवेदनमा सङ्घीय संसद्बाट जारी गरिएको सहरी क्षेत्र सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरण ऐन, २०७९ का नाममा रहेको व्यवस्थापन भन्ने शब्द, प्रस्तावनामा रहेको सहरी क्षेत्रमा सार्वजनिक यातायात सेवालाई सहज, पहुँचयोग्य, यात्रु मैत्री, विश्वसनीय लागतप्रभावी र सुरक्षित बनाई व्यवस्थापन, विकास तथा विस्तार गर्ने भन्ने विषय संविधानसँग बाझिएको प्रदेश सरकारले दायर गरेको रिट निवेदनमा दाबी गरिएको छ ।

उक्त ऐन नेपालको संविधानसँग प्रत्यक्ष रुपमा बाझिएको हुँदा बाझिएको हदसम्म नेपालको संविधानको धारा १३३ (१) बमोजिम प्रारम्भ भएको मितिदेखि अमान्य र बदर घोषित गरी पाऊँ भनी मागदाबी गरिएको छ । रिट निवेदनमा उत्प्रेषण, परमादेश, आदेश जारी गरी संविधान र संविधानले नै प्रदेश सरकारलाई दिएको अधिकार संरक्षण गरी पाऊँ भनी माग गरिएको छ ।

प्रदेश सरकारले प्रदेशभित्र यातायातसम्बन्धी व्यवस्थापनको संविधानप्रदत्त अधिकार पाएकामा काठमाडौँ उपत्यकाको तीन जिल्लालाई बागमती प्रदेशबाट झिकी, अलग गर्न खोजेपछि बागमती प्रदेश सरकार सर्वोच्च अदालत पुगेको हो।

काठमाडौँ उपत्यकाभित्र सार्वजनिक यातायात सञ्चालन व्यवस्थापनसम्बन्धी सम्पूर्ण अधिकार सङ्घीय सरकार मातहत रहने गरी 'सहरी क्षेत्र सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरण ऐन, २०७९' बनाई सङ्घीय संसद्बाट पारित गराई लागू गराउन खोजेको छ। सो ऐनअनुसार उपत्यकाभित्र सञ्चालन हुने सार्वजनिक यातायातको समग्र व्यवस्थापन सङ्घीय सरकारले सो कानुन अनुसार गठन गर्ने प्राधिकरण मातहत ल्याएको उक्त ऐनको प्रस्तावना र यसको उद्देश्यबाट देखिने रिट निवेदनमा उल्लेख गरिएको छ। रासस

नेपालका करिब ६० प्रतिशत घर एकतले

काठमाण्डु । नेपालका करिब ६० प्रतिशत घर एकतले रहेको तथ्याङ्क सार्वजनिक भएको छ ।

राष्ट्रिय तथ्याङ्क कार्यालयले आज सार्वजनिक गरेको राष्ट्रिय जनगणना २०७८ को थप



नतिजासम्बन्धी विवरणअनुसार नेपालभर कूल ७५ लाख ५२ हजार ६६ वटा घर छन् । जसमध्ये सबैभन्दा बढी ५९ दशमलव ८२ प्रतिशत एकतले छन् । विवरणअनुसार २८ दशमलव ७८ प्रतिशत दुईतले र नौ दशमलव १७ प्रतिशत तीनतले घर छन् ।

नेपालमा एक दशमलव तीन प्रतिशत चारतले, शून्य दशमलव ६४ प्रतिशत पाँचदेखि सातततले, शून्य दशमलव ०१ प्रतिशत आठदेखि नौतले र शून्य दशमलव ००३ प्रतिशत १० भन्दा बढी तले घर छन् । "मधेश प्रदेशमा एक तला भएका घर सबैभन्दा बढी अर्थात् ८४ दशमलव ४२ प्रतिशत छन् भने पाँच वा सोभन्दा बढी तला भएको घर बागमती प्रदेशमा सबैभन्दा बढी अर्थात् दुई दशमलव ३४ प्रतिशत छ", तथ्याङ्क कार्यालयले भनेको छ । देशभर कूल ६६ लाख ६० हजार आठ सय ४१ परिवारमध्ये १० दशमलव २७ प्रतिशत परिवारले आवासीय घर निर्माण गर्दा सरकारी अनुदान लिएको देखिन्छ । उक्त प्रतिशत सबैभन्दा बढी बागमती प्रदेशमा २६ दशमलव ६४ प्रतिशत र सबैभन्दा कम सुदूरपश्चिम प्रदेशमा दुई दशमलव ९८ प्रतिशत रहेको छ ।

करिब ६२ प्रतिशत परिवारको कुनै एक सदस्यसँग बैंक खाता रहेको छ । "कूल ४१ लाख २२ हजार छ सय ९० अर्थात् ६१ दशमलव ८९ प्रतिशत परिवारमा कम्तीमा एकजना सदस्यको बैंक तथा वित्तीय संस्थामा खाता रहेको देखिएको छ", तथ्याङ्क कार्यालयको विवरणमा भनिएको छ, "यसैगरी कूल दुई करोड ९१ लाख ६४ हजार पाँच सय ७८ जनसत्र्यामध्ये ७४ लाख नौ हजार एक सय ८१ जना अर्थात् २५ दशमलव ५६ प्रतिशत व्यक्तिको बैंक तथा वित्तीय संस्थामा कम्तीमा एउटा खाता रहेको देखिन्छ ।"

यसैगरी, कूल एक करोड ४२ लाख ५३ हजार पाँच ५१ पुरुषमध्ये २६ दशमलव ४२ प्रतिशत र कूल एक करोड ४९ लाख ११ हजार २७ जना महिलामध्ये २४ दशमलव ७४ प्रतिशतको बैंक तथा वित्तीय संस्थामा कम्तीमा एउटा खाता रहेको छ । देशभरका कूल आठ लाख ३६ हजार एक सय २७ अर्थात् १२ दशमलव ५५ प्रतिशत परिवारमा कम्तीमा एकजना व्यक्तिले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम लिएका छन् ।

देशभरका कूल परिवार सत्र्यामध्ये २५ दशमलव ५९ प्रतिशत परिवारले कुनै बैंक तथा वित्तीय संस्था वा सहकारी संस्थाबाट ऋण लिएको देखिन्छ । प्रदेशअनुसार हेर्दा त्यस्ता ऋण लिने परिवार सबैभन्दा बढी मधेस प्रदेशमा २८ दशमलव ८८ प्रतिशत र सबैभन्दा कम सुदूरपश्चिम प्रदेशमा २१ दशमलव ९६ प्रतिशत रहेका छन् ।रासस

भन्सार छली गरी सुनको कारोबार गर्ने पाँच पक्राउ

काठमाण्डु । भन्सार छली गरी सुनको कारोबार गर्ने पाँच जनालाई प्रहरीले पक्राउ गरी सोमबार सार्वजनिक गरेको छ । उनीहरुलाई काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनको टोलीले पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा भोजपुर सालपासिलिछो गाउँपालिका-४ बस्ने २४ वर्षीय अमृतधन राई, सुनसरी ईनरुवा नगरपालिका-९ बस्ने ४४ वर्षीय नजिर मन्सुर, धनुषा हंसपुर नगरपालिका-८ बस्ने ४९ वर्षीय कारीईसार केवट, खोटाङ रुपाकोट मजुवागढी नगरपालिका-१५ बस्ने २८ वर्षीय अर्जुन भट्टराई तथा गोरखा गण्डकी गाउँपालिका-२ घर भई हाल जिल्ला काठमाडौँ महानगरपालिका-१६ बालाजु बस्ने ३० वर्षीय अनिष थापा रहेका काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता तथा प्रहरी उपरीक्षक रवीन्द्र रेग्मीले जानकारी दिनुभयो ।

उहाँका अनुसार कतार एयरको उडानमार्फत नेपाल आउने केही व्यक्तिहरुले भन्सार छली गरी सुन ल्याई कारोबार गर्ने गरेको भन्ने गोप्य सूचनाका आधारमा काठमाडौँ सिनामङ्गलबाट उनीहरुलाई पक्राउ गरिएको हो ।

उनीहरुको साथबाट प्रहरीले रु २६ लाख ५१ हजार आठ सय पाँच दशमलव ४७ मूल्य बराबरको तीन थान सुनको ढिक्का (जम्मा तौल दुई सय १४ दशमलव ३६ ग्राम), तीन थान सुनका सिक्री (जम्मा तौल ५० दशमलव .०१ ग्राम) र नगद रु एक लाख १० हजार बरामद गरेको थियो ।रासस

राजविराजमा पन्ध्र दिने मेला सुरु

राजविराज । दसैँ तथा शुभ दीपावलीको अवसरमा पन्ध्र दिने सांस्कृतिक, पर्यटन तथा कृषि व्यापार मेला सोमबारदेखि सुरु भएको छ । राजविराजस्थित राजरङ्गशाला खेलमैदानमा सप्तरी युथ नेपालले आयोजना गरेको सांस्कृतिक, पर्यटन तथा कृषि, व्यापार मेलामा उपभोक्तालाई एकै थलोबाट सम्पूर्ण सामान उपलब्ध गराउन ३० भन्दा बढी स्टल रहेको सप्तरी युथका उपाध्यक्ष मोहन यादवले जानकारी दिनुभयो ।

मेलासँगै सांस्कृतिक कार्यक्रम तथा रोटे पिङ्गा, ब्रेक डान्स, नाचसहित दैनिक उपभोग्य सामग्री, खाद्यान्न, लत्ताकपडा, जुत्ता, कृषि तथा हस्तकलाका सामग्री, भाँडाकुँडाका सामग्री, पर्यटन प्रवर्द्धनसम्बन्धी स्टल रहने मेला समिति संयोजक सतेन्द्र यादवले बताउनुभयो । यसैगरी मेलामा मिथिलाको संस्कृति, खाना महोत्सव तथा राष्ट्रिय एवं स्थानीय खाना महोत्सवका साथै विभिन्न ब्राण्डका मोबाइल तथा इलेक्ट्रोनिक्स सामानको स्टल पनि रहेको छ ।

मेलामा बिक्री गरिने सामानमा २५ देखि ५० प्रतिशतसम्म छुट दिने व्यवस्था गरिएको जानकारी दिँदै संयोजक यादवले मेलामा आउनेहरुका लागि निःशुल्क स्वास्थ्य शिविरसमेत सञ्चालन गरिने बताउनुभयो ।रासस

Invitation for bids

Madhesh Province Government

Ministry of Health and Population

Health Directorate

Health Office

Rautahat, Gaur

Date of First Publication: 31 October 2023

IFB No.	Particulars	Bid Fee	Bid Security	Bid Validity	Last date of bid Submission
MP/HO20/SQ/ GOODS-1/2080-81	The Procuremnt of Bacullus Thuringiensis Isruelensis (BTI) 5% AS	NRs. 1000/-	NRs. 90,000/-	75 days	21 November 2023 12:00 Noon

Note: For details visit https://www.bolpatra.gov.np/egp/ Office Email:dharautahat2014@gmail.com
Contact No. 9855040242

Health Office Chief



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

सम्पादकीय

रंगशाला निर्माणलाई तीव्रता देउ

जनकपुरधामको श्री रामजानकी बहुउद्देश्यीय अन्तर ष्ट्रिय रंगशाला १६ वर्षदेखि अलपत्र अवस्थामा रहेको छ। २०६४ सालमै नेपाल सरकारबाट अन्तर्राष्ट्रिय रंगशालाको मान्यता पाएको सो रंगशाला अहिलेसम्म निर्माणका लागि कुनै ठोस कदम अगाडि बढ्न सकेको छैन् । एकै समयमा निर्माणको अनुमति पाएको पोखराको रंगशाला अन्तर्राष्ट्रियस्तरको भइसकेको छ तर श्री रामजानकी रंगशालाको निर्माण कार्य २०६४ देखि नै अलपत्र रहेको छ। २०७४ देखि नै अन्तर्राष्ट्रियस्तरको रंगशाला बनाउन पहल गरिएको थियो। २०६७ मा तत्कालीन खेलकुदमन्त्री गणेश नेपालीलाई ज्ञापनपत्र बुझाउँदै श्रीरामजानकी रंगशालालाई अन्तर्राष्ट्रियस्तरको बनाउन पहल गरेको थियो । १६ वर्ष बित्दा पनि यो रंगशालाले पूर्णता पाउन सकेको छैन । कछुवा गतिमा रंगशालाको निर्माण कार्य अगाडि बढिरहेको छ । २०७४ मा राष्ट्रिय खेलकुद परिषद् र गुठी संस्थाबीच वार्षिक नौ लाख रुपैयाँ तिर्ने गरी जनकपुरधाम- १३ स्थित रजौलमा १७ बिघा जग्गा ३० लाखमा लिजमा लिए । १७ बिघा जग्गा लिजमा लिए पनि अपेक्षाअनुसार निर्माण कार्य अगाडि बढ्न नसक्दा अलपत्र छ। रजौलस्थित प्रस्तावित श्रीरामजानकी बहुउद्देश्यीय अन्तर्राष्ट्रिय खेल मैदानले आकार लिने पर्खाइमा थुप्रै खेलप्रेमी छन्। दशकअगाडिदेखि निर्माणको काम थालिए पनि सम्पन्न हुन नसक्दा उनीहरू निराश छन् । युवा र खेलप्रेमीहरू रंगशाला निर्माण सम्पन्नको अपेक्षामा छन् । यद्यपि, रंगशाला प्रचारप्रसारका लागि तत्काल मधेश सरकारको खेलकुद मन्त्रालयबाट २० लाख बजेट आएको थियो। यसैबाट रंगशालामा घेराबेरा घेरियो । उपमहानगरको २० लाख सहयोगमा क्रिकेट पिचको निर्माण भएको छ। रंगशालामा तीनै तहका सरकार गम्भीर नहुँदा दशकदेखि अलपत्र अवस्थामा छ । शुरुमा प्रदेश सरकारले रंगशाला निर्माणका लागि आवश्यक पहल नगरेको होइन । तर, तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले रंगशालालाई तीन तहमा स्थानीय, प्रदेश, राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा वर्गीकरण गरेका थिए। ओली सरकारको रंगशाला वर्गीकरणका कारण नै श्री रामजानकी रंगशाला पछाडि परेको अवस्था छ । तत्कालीन ओली नेतृत्वको सरकारले स्थानीयस्तरका ७५३, प्रदेशस्तरका ७ र राष्ट्रिय-अन्तर्राष्ट्रियस्तरको एक रंगशाला बनाउने निर्णय गरेको थियो। जनकपुरधाममा रंगशाला निर्माणको बजेट विनियोजन भएन । जनकपुरधाममा आउनुपर्ने बजेट झापाको दमकमा मदन भण्डारी रंगशालामा बजेट जाँदा नै रंगशाला निर्माणको गति रोकिएको थियो। मधेश प्रदेश खेलकुदकालागि विगत देखिनै आगाडि रहँदा पनि सरकारी उदासिनताका कारण अहिलेसम्म एउटा रंगशाला समेत निर्माण गर्न सकिएको छैन्। भारतीय सहयोगको साथै तीनै तहका सरकारले ध्यान दिएर रंगशाला निर्माणमा जोड दिनुपर्छ।

राष्ट्रसङ्घीय महासचिवको भ्रमणले शान्ति मिसनमा जगाएको आशा

कृष्ण अधिकारी

नेपालको चारदिने औपचारिक भ्रमणमा आउनुभएका संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले हिजो उच्च सरकारी अधिकारी एवं प्रमुख राजनीतिक दलका शीर्ष नेताहरुसँगको भेटमा राष्ट्रसङ्घ र नेपालबीचको लामो मित्रवत् सम्बन्धका बारेमा चर्चा गर्नुभयो। खासगरी नेपालले भोग्दै आएको जलवायु परिवर्तनबाट सिर्जित समस्याप्रति उहाँले गहिरो

फसेको नेपालजस्तै राष्ट्रलाई अत्यधिक अन्तर्राष्ट्रिय सहयोग आवश्यक रहेको र यसका लागि विकसित राष्ट्र अगाडि आउनु जरुरत रहेको उल्लेख गर्नुभएबाट नेपालप्रतिको उहाँको स्नेह प्रष्ट झल्किन्थ्यो।

उहाँले विगत ३० वर्षमा नेपालले एक तिहाइ हिउँ गुमाएको प्रसङ्गसमेत उल्लेख गर्दै यहाँका हिमनदी उच्चगतिमा पग्लिरहेकामा चिन्ता व्यक्त गर्नुभयो । नेपाल र संयुक्त राष्ट्रङ्घले आपसी सहकार्य गरी काम गर्न खोजेको र यसबाट समस्याको पहिचान र समाधानका लागि अन्तर्राष्ट्रिय सहयोगको सम्भावना खोज्न सहयोग पुग्ने महासचिव गुटेरेसको भनाइले आगामी दिनमा राष्ट्रसङसँग नेपालको सम्बन्धलाई अझ फराकिलो तुल्याउन सहयोग पुग्ने आशा गर्न सकिन्छ।

नेपालको सामाजिक आर्थिक विकासमा राष्ट्रसङ्घको सहयोग उत्तिकै महत्वूर्ण रहेको सन्दर्भमा शिक्षा, स्वास्थ्यलगायत सामाजिक विकासका क्षेत्रमा पुऱ्याएको सहयोगले दिगो विकास लक्ष्य हासिल गर्न सहज भएको छ। संयुक्त राष्ट्रसङ्घको ७८औँ महासभामा भाग लिन अमेरिकाको न्युयोर्क गएका बेला प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले महासचिव गुटेरेसलाई नेपाल भ्रमणको निम्तो दिनुभएको थियो । राष्ट्रसङ्घको नेतृत्वबाट १५ वर्षपछि भएको नेपाल भ्रमणले निकै महत्वपूर्ण अर्थ राख्दछ । संयोग नै मान्नुपर्छ प्रधानमन्त्री प्रचण्ड नै प्रधानमन्त्री भएका बेला यसअघि महासचिव बान्की मुनले नेपाल भ्रमण गर्नुभएको थियो । विश्वमा इजरायनल र हमासबीच युद्ध चर्किरहेको छ भने लेबनान, सिरियालगायत विभिन्न देश अशान्त बनिरहेका बेला पनि संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले नेपाल भ्रमणलाई प्राथमिकता दिनु आफैँमा पनि महत्वपूर्ण विषय हो।

भ्रमणका बेला नेपालका सुरक्षाकर्मीले राष्ट्रसङ्घ मातहत रहेर विश्वका द्वन्द्वग्रस्त मुलुकमा पुऱ्याउँदै आएको शान्ति स्थापनाका बारेमा प्रधानमन्त्री, परराष्ट्र, रक्षा र गृहमन्त्री तथा प्रमुख राजनीतिक दलका नेताहरुसँगको भेटवार्तामा पनि छलफल भएको थियो। यसले आगामी दिनमा थप शान्ति सैनिक पठाउन र युएनका माथिल्लो तहमा पनि नेपाली पदाधिकारीलाई पुग्नका लागि सहज हुने विश्वास गरिएको छ। नेपालको यस भ्रमणले कुनै न कुनैरूपमा नेपालको मुद्दा अन्तर्राष्ट्रिय समुदायमाझ पुऱ्याउन मद्दत गरेको छ । संयुक्त राष्ट्रसङ्घसँग नेपालको सम्बन्ध खासगरी शान्ति सेना, जलवायु परिवर्तन, दिगो विकास लक्ष्य, शान्ति प्रक्रिया अनि अन्य आर्थिक-सामाजिक विकासका मुद्दाका कारण गहिरो गरी जोडिएको छ।

महासचिव गुटेरेसको भ्रमणले आगामी दिनमा विश्व शान्ति स्थापनामा नेपालले पुऱ्याउँदै आएको योगदानको उच्च कदर हुने वातावरण मिलेको छ । संयुक्त राष्ट्रसङ्घको विश्व शान्ति अभियानमा नेपालको ६५ वर्षदेखि दर्बिलो साथ र सहयोग रहँदै आएको छ। अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा कायम गर्ने, राष्ट्रबीच मैत्रीपूर्ण सम्बन्ध विकास गर्ने तथा आर्थिक, सामाजिक, सांस्कृतिक वा विश्व कल्याणकारी प्रकृतिका अन्तर्राष्ट्रिय समस्या समाधान गर्ने संयुक्त राष्ट्रसङ्घको मुख्य उद्देश्य हासिल गर्न नेपाल सुरुदेखि नै सक्रिय रहेको छ। नेपालले संयुक्त राष्ट्रसङ्घको विश्व शान्ति प्रयासमा शान्ति सेना पठाएर आफ्नो औकातअनुसारको प्रभावकारिता देखाएको छ । संयुक्त राष्ट्रसङ्घको शान्ति सेना कार्यक्रम त्यसको एउटा मुख्य अङ्ग हो । नेपाली सेनाले जटिल खालका द्वन्द्वग्रस्त क्षेत्रमा गएर शान्ति, अन्तर्राष्ट्रिय सुरक्षा स्थापनामा छ दशकभन्दा बढी महत्वपूर्ण योगदान गरिसकेको छ।

विश्वमा शान्ति स्थापनाका लागि नेपाली सेनाको योगदान उच्च रहेको छ। नेपाल भौगोलिक हिसाबले सानो, दुई शक्तिशाली छिमेकी राष्ट्रका बीचमा तरुलजस्तै रहेको भए पनि यसको वीरताको गाथालाई कसैले भुलेका छैनन् । पछिल्लो समयमा विश्वलाई चिनाउने गरी नेपाली सेनाले संयुक्त राष्ट्रसङ्घको शान्ति

स्थापनामा काम गरिरहेको छ, जुन नेपालको गौरवको विषय हो। शान्ति सेनामा पुऱ्याएको योगदानकै कारण नेपालले सन् १९६९ र १९८८ मा दुई पटक राष्ट्रसङ्घीय सुरक्षा परिषद्को अस्थायी सदस्य हुने अवसरसमेत पायो। त्यति मात्र होइन, विभिन्न विश्व मञ्चमा नेपालले आफ्नो विश्व शान्ति, मानवअधिकारको प्रत्याभूति र साना राष्ट्रको सवालमा प्रष्टसँग राख्ने अवसर पाएको छ । भगवान गौतमबुद्धको जन्मस्थल र विश्वको सर्वोच्च शिखर सगरमाथाको देशबाट परिचित नेपाल पछिल्लो ६० वर्षदेखि उत्कृष्ट र अब्बल शान्ति सेनाको देशको नामबाट पनि चिनिन थालेको छ। विश्व शान्ति स्थापनामा सेनाबाट आर्जित शक्तिले विकास गरेको कूटनीतिकै कारण नेपाललाई आज विश्वले चिनेको छ।

सन् १९५५ मा संयुक्त राष्ट्रसङ्घको सदस्य बनेदेखि नै नेपालले खासगरी विश्व शान्तिका क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ। सन् १९५८ मा राष्ट्र सङ्घको विशेष आग्रहमा नेपाल सरकारले पहिलो पटक द्वन्द्वग्रस्त मुलुक लेवनानमा पाँच नेपाली सैनिक पर्यवेक्षक टोली खटाएको थियो। सन् १९७४ मा इजिप्टमा नेपाली सेनाको श्री पुरानो गोरख गण पहिलो पटक कन्टिजेन्टका रूपमा खटिएको थियो। यस अवधिमा लगभग ४४ मिसनमा एक लाख ४६ हजार छ सय २३ नेपाली शान्ति सैनिकले भाग लिइसकेका छन्। सात अगस्ट, २०२२ को तथ्याङ्कअनुसार संसारका १२ मिसनमा पाँच हजार पाँच सय ६८ र नेपाली सेना (जसमा दुई सय ९५ जना महिला) र यीमध्ये एक सय ९४ जना सशस्त्र प्रहरी बलबाट र ४२ जना प्रहरीबाट सहभागी भएका छन्। नेपाल संयुक्त राष्ट्रसङ्घको शान्ति सेनामा योगदान दिने दोस्रो देश बनेको छ।

नेपाली सेनाले १० देशमा शान्ति स्थापना कार्यका लागि तैनाथ ११ विभिन्न मिसनमा सक्रिय सहभागी भई आफ्नो जिम्मेवारी कुशलतापूर्वक निर्वाह गरिरहेको छ। यस अवधिमा सेनाले उच्च पदस्थ सैनिक अधिकारीदेखि मिलिटरी कन्टिन्जेन्ट, पर्यवेक्षक र स्टाफ, अफिसर, मेडिकल डाक्टर तथा इञ्जिनियरसम्मका जनशक्तिले विश्व शान्ति स्थापनामा काम गरिसकेका छन्। ती द्वन्द्वरत मुलुकहरुमा संयुक्त राष्ट्रसङ्घीय शान्ति स्थापना टोलीमार्फत देशको छवि उँचो बनाउँदै विश्वव्यापी मानव अधिकारका लागि नेपाली शान्ति सैनिकले पुऱ्याएको योगदान कम महत्वपूर्ण छैन।

शान्ति सेनामा सक्रिय सहभागिताले मुलुकको कूटनीतिक इतिहासमा नयाँ इँटा थप्ने अवसर मात्र दिएको छैन, विश्व मञ्चमा आफ्नो उपस्थितिलाई सार्थक तुल्याउने महत्वपूर्ण अवसर पनि प्राप्त भएको छ। नेपालको परराष्ट्र नीतिको मार्गदर्शनका सिद्धान्तमा नै शान्ति र मानव अधिकार रहेकोले द्वन्द्वरत मुलुकमा खटिएर जाने सैनिकले पनि यसलाई नै मूलमन्त्र बनाएका छन् । विभिन्न द्वन्द्वरत देशहरूमा नेपालले पुऱ्याएको योगदान संसारका शक्तिशाली, वैभवशाली, शान्तिकर्मी राष्ट्रहरूले नजिकबाट हेरिरहेकाले नेपाललाई ती देशहरूमा आफ्नो शान्तिप्रति प्रतिबद्धताको छवि विस्तार गर्ने राम्रो अवसर मिलेको छ। नेपालको परराष्ट्र नीतिको एउटा मुख्य आधार भनेको संयुक्त राष्ट्रसङ्घमा खेल्ने भूमिका हो। शान्ति सेनामा ठूलो सङ्ख्यामा भाग लिनुले नेपालको परराष्ट्र नीतिमा राम्रो सफलता भएको छ। राष्ट्र सफल हुन आन्तरिक र परराष्ट्र नीति दुवैमा सफल हुनुपर्छ। यी दुवै एकै सिक्काका दुई पाटा हुन्।

विश्व शान्ति र मानव अधिकार संरक्षणमा सैनिक योगदानकर्ताका रूपमा नेपाल दोस्रो स्थानमा छ। नेपालबाट नेपाली सेनातर्फ छ हजार ६४, नेपाल प्रहरीबाट ४४ र सशस्त्र प्रहरी बलका एक सय ९४ जना गरी कुल छ हजार दुई सय ९९ जना शान्ति सैनिक विभिन्न मुलुकमा खटिएका छन्। यो सङ्ख्या केबल पहिलो मुलुक बङ्गलादेशले पठाएका सुरक्षाकर्मीभन्दा ९८० ले मात्र कम हो।

शान्ति मिसनमा महिला सैनिकतर्फ उच्च योगदान दिने राष्ट्रहरुको सूचीमा भने नेपाल विश्वमै एक नम्बरमा रहेको छ। नेपालले विश्वकै सबैभन्दा धेरै छ सय १२ जना शान्ति सैनिकमा पठाएको छ। पहिलो नम्बरमा रहेको बङ्गलादेशले पाँच सय ६६ र तेस्रोमा रहेको भारतको एक सय २५ जना महिला शान्ति सैनिक रहेका छन्। नेपाल सरकारले अब १० हजार शान्ति सैनिक पठाउने तयारी गरेको छ। नेपाली सैनिकको माग उच्च छ, जतिखेर पनि फेरि माग हुने भएकाले थप सैनिक पठाउन सक्ने गरी तयारी अवस्थामा रहेको सरकारको भनाइ छ। यदि त्यति सङ्ख्यामा नेपाली सैनिकलाई पठाइएमा नेपाल पहिलो स्थानमा आउन सक्ने अवसर रहेको छ।

संयुक्त राष्ट्रसङ्घको शान्ति सेनामा पहिलो नम्बरको देश हुन सकेको अवस्थामा नेपालको आर्थिक, राजनीतिक र कूटनीतिक महत्व निहीत हुन्छ। आर्थिकरुपमा त्यहाँ खटिने सैनिकले पाउने पारिश्रमिकले उनीहरुको आर्थिकस्तरमा सुधार ल्याउन मद्दत नै पुग्दछ। राजनीतिक दृष्टिले विश्व शान्तिमा व्यावहारिकरुपमै योगदान दिनसक्ने हैसियतमा नेपालको वर्चस्व बढ्छ। कूटनीतिकरुपमा राष्ट्रसङ्घको महासभामा सुरक्षा परिषद्को अस्थायी सदस्यमा चुनाव लड्न थप बल पुग्छ। पछिल्लो समय कूटनीतिकरुपमा लबिङ गर्न नसक्दा महासभाको सभापति र सुरक्षा परिषद्को अस्थायी सदस्यका लागि भएका निर्वाचनमा पराजय भोग्नुपरेको तीतो अनुभव छ।

द्वन्द्वरत मुलुकमा शान्ति स्थापना नेपाली सेनाले प्रस्तुत गर्दै आएको कार्यकुशलता र व्यावसायिक दक्षताको राष्ट्रसङ्घले प्रशंसा गर्दै आएको छ। संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले हालै संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्को बैठकमा विश्व शान्ति स्थापनामा नेपाली सैनिक विश्वमा लोकप्रिय बन्दै गएको बताउनुभएको छ। उहाँले विश्व शान्ति स्थापनामा नेपाल महत्वपूर्ण साझेदार रहेको र यो साझेदारी युगौँसम्म कायम रहने विश्वास पनि व्यक्त गर्नुभएको छ।

दिगो विकास लक्ष्य २०३० र मातृशिशु सुरक्षा सञ्जालको सान्दर्भिकता

सूर्य भट्ट

नेपालको संविधान २०७२ ले स्वास्थ्य सेवालाई प्रत्येक नागरिकको मौलिक हकको रूपमा स्थापित गरेको छ। त्यसैगरी महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य एवं बालबालिकालाई शिक्षा, स्वास्थ्य, पालनपोषण र उचित स्याहार सम्बन्धी हकको सुनिश्चितता गरेको छ। विगत दुई दशकमा नेपालले महिला तथा बालबालिकाको स्वास्थ्य सुधारमा उल्लेखनीय प्रगति हासिल गरे पनि अझै धेरै आमा तथा नवशिशुले अकालमा ज्यान गुमाइरहनु परेको छ।

नेपालमा नवशिशु मृत्युदर प्रति १००० जीवित जन्ममा २१ (नेपाल जनसांख्यिक सर्वेक्षण २०२२) र मातृ मृत्युदर प्रति १,००,००० जीवित जन्ममा १५१ रहेको छ (राष्ट्रिय जनगणना २०२१)। विगतमा मातृस्वास्थ्य सुधारमा देखाइएको प्रतिवद्धता र प्रगतिको आधारमा नेपालले सहश्राब्दी विकास लक्ष्य पदक प्राप्त गरेको थियो। संविधानले प्रत्याभूत गरेको स्वास्थ्य सम्बन्धी मौलिक हकको उपयोग तथा विश्व मञ्चमा दिगो विकास लक्ष्य २०३० प्राप्त गर्न गरेको प्रतिवद्धता हासिल गर्न संघ, प्रदेश र स्थानीय तहले सहकार्य र समन्वयात्मक तवरले कार्य गर्नुपर्ने देखिन्छ। तथापि, मौजुदा संरचना र स्रोतका हिसाबले महत्वाकांक्षी लक्ष्यका रुपमा रहेको दिगो विकास लक्ष्य २०३० लाई भेट्टाउन स्वास्थ्य सम्बन्धी नीति, रणनीति र कार्ययोजनाले स्पष्ट मार्गनिर्देश गरे पनि कार्यान्वयन तहमा उल्झनहरु देखिएका छन्।

दिगो विकास लक्ष्य २०३० अनुसार नवशिशु मृत्युदरलाई घटाएर प्रति १००० जीवित जन्ममा १२ र मातृ मत्युदरलाई घटाएर प्रति १,००,००० जीवित जन्ममा ७० मृत्युमा पुऱ्याउनु पर्छ। सन् १९९६ देखि २०१६ सम्मको तथ्यांक विश्लेषण गर्दा पाँच वर्ष मुनिका बालबालिकाको बाल मृत्युदर न्यूनीकरण गर्न सफल सात देशमध्ये नेपाल पनि एक रहे पनि दिगो विकास लक्ष्य २०३० का पदचाप पहिल्याउन नेपालका सामु अझै कैयौं चुनौती बाँकी छन्। यी चुनौतीको सामना गर्दै दिगो विकासका लक्ष्यहरु हासिल गर्न वान हार्ट वर्ल्डवाइडले आफ्नो स्थापना कालदेखि नै नेपालमा विद्यमान तीनै तहका सरकारसँग समन्वय र सहकार्य गर्दै नेपालको दिगो लक्ष्य हासिल गर्ने प्रयासमा सहयोग गर्दै आएको छ। मातृ तथा शिशु स्वास्थ्यका विविध क्षेत्रमा रहेका असमानता एवं तुलनात्मक न्यून प्रगतिहरुलाई सम्बोधन गर्न मातृशिशु सुरक्षा सञ्जालको अवधारणा महत्वपूर्ण हुने देखिन्छ। मातृशिशु सुरक्षा सञ्जाल आमा र



बच्चाको स्वास्थ्यलाई सम्बोधन गर्ने महत्वपूर्ण रणनीति हो। मातृशिशु सुरक्षा सञ्जालले आमा तथा नवशिशुको जीवन सुरक्षा तथा समग्र जीवनको गुणस्तरीयता सुनिश्चित गर्न आमा र नवशिशुको स्वास्थ्य तथा उनीहरुलाई आवश्यक सेवा प्रवाहमा संलग्न हुनसक्ने सम्पूर्ण पक्षहरु जस्तैः परिवार, समुदाय, समुदाय स्वास्थ्य कार्यकर्ता, स्वास्थ्य संस्था, स्वास्थ्यकर्मी, औषधि उपकरण, आपूर्ति व्यवस्था, प्रेषण प्रणाली र विभिन्न तहका सरकार तथा सरोकारवाला लक्षित कार्यक्रमहरु समेट्छ। विभिन्न कारणवश मातृशिशु स्वास्थ्यमा पहुँच नभएका वा सेवामा पहुँच भए पनि गुणस्तरीय सेवा नपाएका आमा तथा नवशिशुहरुलाई प्राथमिकतामा राखेर उनीहरुकै संलग्नतामा यस रणनीतिले काम गर्छ।

मातृशिशु सुरक्षा सञ्जाल वान हार्ट वर्ल्डवाइडको विगत २५ वर्षको विभिन्न देशको मातृशिशु स्वास्थ्य सेवा सुदृढीकरण कार्यक्रमको सिकाइबाट परिष्कृत भइरहेको छ। नेपालमा सन् २०११ देखि वान हार्ट वर्ल्डवाइडले समाज कल्याण परिषद्को स्वीकृति तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको समन्वयमा हालसम्म २८ जिल्लामा यस रणनीतिमार्फत मातृशिशु स्वास्थ्य सेवा प्रणाली सुदृढीकरणमा सहयोग गर्दै आइरहेको छ। नेपालको संविधान २०७२ ले स्थानीय सरकारलाई आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने मुख्य जिम्मेवारी दिएको छ । आधारभूत मातृशिशु स्वास्थ्य सेवा समुदायस्तरमै प्रदान गर्न सकिएमा आमा र बच्चाका स्वास्थ्य समस्याहरुको समयमै सही पहिचान, प्रेषण र उपचार हुनसक्छ र स्वास्थ्य जटिलताहरुलाई न्यूनीकरण गर्न सकिन्छ।

मातृशिशु स्वास्थ्य सेवा आधारभूत स्वास्थ्य सेवाको अति महत्वपूर्ण पक्ष भएको कारण स्थानीय सरकारसँग सहकार्य गर्दा आमा र नवशिशुको जीवन सुरक्षा तथा सेवाको गुणस्तर सुधारमा गुणात्मक प्रगति गर्न सकिने हाम्रो सिकाइ रहेको छ। स्थानीय सरकारसँग आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक स्रोत तथा साधन परिचालन गर्ने अधिकार रहेको अवस्थामा आधारभूत स्वास्थ्य सेवा सञ्चालन तथा व्यवस्थापनमा स्थानीय सरकारको दक्षता अभिवृद्धि गर्दा समग्रमा देशले मातृ तथा नवशिशुसँग सम्बन्धित दिगो विकास लक्ष्य हासिल गर्न सहयोग पुग्ने देखिन्छ।

विशेषगरी मातृशिशु स्वास्थ्य सूचकहरु कमजोर रहेका तथा भौगोलिक रुपमा विकट स्थानीय तहहरुलाई प्राथमिकतामा राखी त्यहाँ रहेका स्वास्थ्य संस्थाहरुको सबलीकरण, स्वास्थ्यकर्मीहरुको प्राविधिक ज्ञान तथा सिपको अद्यावधीकरण, औषधि तथा चिकित्सकीय औजार-उपकरणको उपलब्धता एवं ती स्वास्थ्य संस्थाहरुलाई विशिष्टीकृत स्वास्थ्य संस्थाहरुसँग सम्बन्ध स्थापना गरी प्रेषण प्रणालीलाई सबलीलकरण गर्न मातृशिशु सुरक्षा सञ्जाल प्रभावकारी रहेको छ। गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहको लागि स्वास्थ्य संस्थाको तयारी, स्वास्थ्यकर्मीको ज्ञान, सिप र उत्प्रेरणाका अतिरिक्त सेवा प्रवाहको लागि आवश्यक वातावरणको व्यवस्थापनमा स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति र स्थानीय सरकारको महत्वपूर्ण भूमिका हुने हुँदा स्वास्थ्य सेवा प्रवाहमा यी सरोकारवालाहरुलाई संलग्न तथा जवाफदेही बनाउनु आवश्यक रहन्छ।

अझै पनि धेरै गर्भवती तथा सुत्केरी महिलाले स्वास्थ्य सेवा उपयोग गर्न परिवार वा समाजमा व्याप्त विभिन्न अवरोधहरु छिचोल्नु पर्ने अवस्था छ। यस्तो परिस्थितिमा मातृशिशु स्वास्थ्य सुधारको लागि परिवार र समाजलाई यसको आवश्यकता बुझाई गर्भवती र सुत्केरी महिला तथा नवशिशुले समयमा नै उपयुक्त स्वास्थ्य सेवा पाउने वातावरण सिर्जना गर्न पनि यो रणनीति प्रभावकारी हुन्छ।

स्वास्थ्यकर्मी र स्वास्थ्य संस्थाले उपलब्ध गराउने स्वास्थ्य सेवाप्रति सेवाग्राहीको विश्वासको वातावरण सिर्जना गर्न पनि यस रणनीतिले प्रभावकारी भूमिका खेलेको छ। जसले गर्दा आवश्यक स्वास्थ्य सेवा सुलभ र सहज तरिकाले उपयोग गर्ने अवस्था सिर्जना हुने तथा स्थानीय स्वास्थ्य संस्थाहरुको समुचित उपयोग हुने हुन्छ। यसरी हेर्दा मातृशिशु सुरक्षा सञ्जालले मातृशिशु स्वास्थ्य सेवाको पहुँच, गुणस्तर तथा सेवाको निरन्तरतामा अभिवृद्धि भई आमा र बच्चाको जीवन सुरक्षा तथा स्वास्थ्य सेवाको गुणस्तर सुधारमा सकारात्मक परिवर्तन गर्ने देखिन्छ।

नेपालमा जलवायु परिवर्तनको असरबारे विश्वको ध्यानाकर्षण गराउने महासचिव गुटेरेसको प्रतिबद्धता

काठमाण्डु । संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले नेपालको हिमालमा जलवायु परिवर्तनले पारेको असरबारे विश्वको ध्यानाकर्षण गराउने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

महासचिव गुटेरेसले सोमबार बिहान खुम्बु पासाङल्हामु गाउँपालिका-४ का स्थानीय समुदायसँग जलवायु परिवर्तन र यसले स्थानीयको जनजीवनमा पारेको विषयका सम्बन्धमा अन्तर्क्रिया गर्नुभएको थियो। सो अवसरमा महासचिव गुटेरेसले जलवायु परिवर्तनसम्बन्धी सम्मेलन (कोप-२८)मा स्थानीयका सुझावसहित जलवायुले हिमालमा परेको असरबारे ध्यानाकर्षण गराउने उल्लेख गर्नुभएको थियो।

महासचिव गुटेरेसले विश्वको प्रदूषण वृद्धिमा धनी देशको भूमिका रहेको तर खुम्बु पासाङल्हामु गाउँपालिकाजस्ता दुर्गम स्थानमा नकारात्मक असर पर्नु दुःखद् भएको बताउनुभएको खुम्बु पासाङल्हामु गाउँपालिका-४ का अध्यक्ष लक्ष्मण अधिकारीले राससलाई जानकारी दिनुभयो।

महासचिव गुटेरेसले जलवायु परिवर्तनबाट उत्पान्न हुने समस्या कम गर्नका लागि के गर्न सकिन्छ भनेर पहल गर्ने र उक्त सन्देश विश्वभरि लैजाने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो।

भेटमा स्थानीय समुदायले हिमनदी पग्लिनेक्रम बढेको, जलवायुजन्य हानि नोक्सानी बढेको, पानीका स्रोत सुक्दै गएको, स्थानीय बालीनालीमा जलवायुको असर परेको, नाङ्गा हिमालमा पानी पर्दा पहिरो जाने समस्या बढेको जस्ता विषय महासचिव गुटेरेसलाई अवगत गराएका अध्यक्ष अधिकारीले जानकारी दिनुभयो। साथै स्थानीयले गाउँमा ऊर्जाको अभाव रहेको र लघु जलविद्युत् आयोजना निर्माणमा सहयोगका लागिसमेत आग्रह गरेका थिए।

महासचिव गुटेरेस नेतृत्वको प्रतिनिधिमण्डलमा संयुक्त राष्ट्रसङ्घका शान्ति कार्यका लागि उपमहासचिव जीन पियरे ल्याक्रोइक्स, नेपालका लागि संयुक्त राष्ट्रसङ्घका आवासीय संयोजक हाना सिंगर-हाम्दी र संयुक्त राष्ट्र सङ्घका अन्य अधिकारीहरू सहभागी हुनुहुन्छ।

महासचिव गुटेरेस नेपालको चारदिने औपचारिक भ्रमणका क्रममा आइतबार बिहान यहाँ आइपुग्नुभएको हो । उहाँले भ्रमणको पहिलो दिन आइतबार राष्ट्रपति रामचन्द्र पौडेल र प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'सँग छुट्टाछुट्टै भेटवार्ता गर्नुभएको थियो।

साथै नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा, नेकपा (एमाले) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओली, सभामुख देवराज घिमिरे, उपप्रधानमन्त्री एवं रक्षामन्त्री पूर्णबहादुर खड्का र परराष्ट्रमन्त्री नारायण प्रकाश साउदसँग महासचिव गुटेरेसको छुट्टाछुट्टै भेटवार्ता भएको थियो।

भेटवार्तापछि उहाँले ऐतिहासिक एवं पुरातात्विक महत्त्वको सम्पदास्थल पाटन दरबार क्षेत्रको अवलोकन गर्नुभएको थियो । प्रधानमन्त्री दाहालले महासचिव गुटेरेसको सम्मानमा आइतबार साँझ सांस्कृतिक कार्यक्रमसहितको रात्रिभोजको आयोजना गर्नुभएको थियो।

भ्रमणका क्रममा उहाँ सगरमाथा क्षेत्र र पोखराका साथै अन्नपूर्ण आधार शिविर र लुम्बिनी जानुहुनेछ । यही कात्तिक १४ गते मङ्गलबार अपराह्न उहाँले सङ्घीय संसद्को संयुक्त बैठकलाई सम्बोधन गर्नुहुनेछ । प्रधानमन्त्री दाहालको निमन्त्रणामा उहाँ नेपालको औपचारिक भ्रमणमा आउनुभएको हो।

शान्ति स्थापनामा नेपालको मौलिक अभ्यासबाट विश्वले पाठ सिक्नुपर्छ : महासचिव गुटेरेस

नेपालको औपचारिक भ्रमणमा रहनुभएका संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले शान्ति स्थापनामा नेपालले गरेको मौलिक अभ्यासबाट विश्वले पाठ सिक्नुपर्ने बताउनुभएको छ।

ललितपुरको पुल्चोकस्थित राष्ट्रसङ्घ भवनमा सोमबार आयोजित स्वागत समारोहलाई सम्बोधन गर्दै महासचिव गुटेरेसले भन्नुभयो, "नेपालले शान्ति स्थापनामा गरेको मौलिक अभ्यास, सङ्क्रमणकालीन न्यायलाई अन्तिम निष्कर्ष दिन चालेका कदम र शान्ति स्थापनार्थ खटाइएका शान्ति सेनाका सफल उदाहरणबाट विश्वले पाठ सिक्नुपर्छ।"

सो अवसरमा महासचिव गुटेरेसले नेपाललाई आर्थिक-सामाजिक र हरेक क्षेत्रमा सवल र सफल राष्ट्र बनाउन यहाँस्थित राष्ट्रसङ्घीय कार्यालयका कर्मचारीलाई आग्रह गर्नुभयो। उहाँले नेपाली जनतालाई केन्द्रमा राखेर आर्थिक-सामाजिक विकास गर्दै दिगो विकासका लक्ष्य पूरा गर्न सम्भव छ भन्ने दृढताका साथ सहयोग गर्न आग्रह गर्नुभएको हो।

शान्ति प्रक्रियालाई अन्तिम निष्कर्षमा लाने, जलवायु परिवर्तनका प्रतिकूल असरबाट प्रभावित समुदायलाई पुनःस्थापित गर्न र नेपाललाई अल्पविकसित मुलुकबाट विकासशील मुलुकका स्तरोन्नति गर्ने प्रक्रियाका विषयलाई प्राथमिकतामा राखेर आफ्नो नेपाल भ्रमण भएको महासचिव गुटेरेसले स्पष्ट पार्नुभयो । उहाँले सङ्क्रमणकालीन न्यायलाई दुङ्गोमा लाँदा पीडितलाई केन्द्रका राख्नुपर्ने स्मरण गराउनुभयो।

महासचिव गुटेरेसले विश्वमा कार्बन उत्सर्जनमा कुनै भूमिका नभए पनि जलवायु परिवर्तनको प्रतिकूल असरको मार नेपालले खेपेका र हिमशृङ्खला पग्लन थालेकामा चिन्ता गर्दै यसको असर नेपाल र समग्र विश्वलाई पर्ने भएकाले त्यस गम्भीरतालाई मनन् गरेर काम गर्नुपर्ने बताउनुभयो।

नेपालस्थित राष्ट्रसङ्घीय कार्यालयका आवासीय संयोजक हाना सिङ्गरले राष्ट्रसङ्घको मान्यता र तोकिएका कार्यका आधारमा नेपाललाई विकासशील मुलुकमा स्तरोन्नति गराउन र दिगो शान्ति स्थापनाका लागि सम्पूर्ण सहयोग जारी रहने स्पष्ट गर्नुभयो। रासस

राष्ट्रसङ्घका महासचिवको लुम्बिनी भ्रमण : पर्यटन प्रवर्द्धन हुने विश्वास

लुम्बिनी। संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेस बुद्ध जन्मस्थल लुम्बिनीको भ्रमण गर्ने भएपछि लुम्बिनी क्षेत्रका बासिन्दा उत्साहित भएका छन्। महासचिव गुटेरेसको लुम्बिनी भ्रमणले लुम्बिनी र गौतमबुद्धको शान्तिको सन्देश विश्वभर थप प्रचारप्रसार हुने र लुम्बिनी क्षेत्रको पर्यटन प्रवर्द्धनमा मद्दत पुग्ने अपेक्षा पनि गरिएको छ।

विश्वमा शान्ति स्थापनामा विशेष भूमिका खेल्दै आएको विश्व संस्था संयुक्त राष्ट्रसङ्घका महासचिवले शान्तिका अग्रदूत गौतमबुद्धको जन्मस्थल लुम्बिनीको भ्रमण गर्ने भएपछि लुम्बिनी क्षेत्रका बासिन्दाहरू पनि उत्साहित भएका छन्।

महासचिव गुटेरेस मङ्गलबार बिहान करिब ९ बजे लुम्बिनी आइपुग्ने कार्यक्रम तय भएको लुम्बिनी विकास कोषले जनाएको छ। लुम्बिनी विकास कोषले महासचिव गुटेरेस हिँड्ने सडकलाई कालोपत्र गर्नेदेखि सरसफाइलाई विशेष ध्यान दिएको छ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' सहित लुम्बिनी आउन लागेका महासचिव गुटेरेसको स्वागतका लागि सरसफाइ, सौन्दयीकरणदेखि सुरक्षासम्मको तयारी अन्तिम चरणमा पुगेको विकास कोषका उपाध्यक्ष डा.ल्यारक्याल लामाले जानकारी दिनुभयो। महासचिव गुटेरेसको भ्रमणलाई स्मरणीय बनाउन लुम्बिनी विकास कोषसहित रुपन्देहीका सुरक्षा निकाय, स्थानीय प्रशासन तथा स्थानीय तहका पदाधिकारीले आपसी समन्वयमा तयारी गरिरहेका छन्।

उपाध्यक्ष लामाले महासचिव गुटेरेसको स्वागत र सम्मानमा कुनै कमी नआउने बताउनुभयो। "राष्ट्रसङ्घका महासचिवको नेपाल भ्रमण हुँदा सबै महासचिव लुम्बिनी आउने प्रचलन रहँदै आएको छ", उहाँले भन्नुभयो, "नेपालका प्रधानमन्त्रीले लुम्बिनीमा आएर महासचिवलाई स्वागत गर्न लागेको यो पहिलो हो, त्यसैले पनि यो भ्रमणलाई विशेष महत्त्व दिएर हामीले हाम्रोतर्फबाट सबै तयारी गरिरहेका छौँ।"

सिद्धार्थ होटल एशोसिएसनका अध्यक्ष गोविन्द ज्ञवालीले राष्ट्रसङ्घका महासचिवको भगवान् गौतमबुद्धको जन्मस्थल लुम्बिनी भ्रमणले यस क्षेत्रको पर्यटन प्रवर्द्धनका लागि अन्तर्राष्ट्रिय क्षेत्रमा थप प्रचारप्रसार हुने भएकाले लुम्बिनीको पर्यटन क्षेत्रलाई उत्साहित बनाएको बताउनुभयो। उहाँले महासचिवको लुम्बिनी भ्रमणबाट बुद्धका शान्तिको सन्देश संसारभर फैल्याउन थप प्रभावकारी हुने भन्दै खुसी व्यक्त गर्नुभयो।

महासचिवको सुरक्षाका लागि जिल्ला सुरक्षा समितिको बैठक बसेर आवश्यक सुरक्षा रणनीतिहरू तय गरिएको छ । रुपन्देहीका प्रमुख जिल्ला अधिकारी गणेश अर्याल, नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीका जिल्ला प्रमुखसहित कोषका पदाधिकारीको उपस्थितिमा सुरक्षा रणनीति बनाइएको हो।

रुपन्देहीका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले महासचिव गुटेरेसको सुरक्षाका लागि गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलदेखि लुम्बिनीसम्मको आवश्यक सुरक्षा व्यवस्था बलियो बनाइएको बताउनुभयो। उहाँले समग्र रुपन्देही जिल्ला र भ्रमण हुने क्षेत्रमा सुरक्षा व्यवस्था कडा पारिएको पनि बताउनुभयो।

महासचिवको भ्रमणको सुरक्षा व्यवस्थाका लागि तीनवटै सुरक्षा निकायका जनशक्ति परिचालन गरिएको र सुरक्षा संवेदनशील क्षेत्रको पहिचान गरी व्यवस्थापन गरिएकोसमेत प्रजिअ अर्यालले जानकारी दिनुभयो।

महासचिव गुटेरेसले करिब डेढ घण्टा लुम्बिनीमा बिताउने कार्यक्रम तय गरिएको छ । डेढ घण्टाको अवधिमा उहाँले लुम्बिनीस्थित मायादेवी मन्दिरमा विशेष पूजासोमबारा गर्नुका साथै अशोक स्तम्भ अधिबाट सम्बोधन गर्ने कार्यक्रम रहेको छ।

महासचिव गुटेरेसलाई लुम्बिनी विकास गुरुयोजना, उत्खनन, अन्वेषण, अनुसन्धान र ऐतिहासिक तथा पुरातात्विक महत्त्वका विषयमा लुम्बिनी विकास कोषले जानकारी गराउने कार्यक्रम रहेको विकास कोषका सदस्य सचिव सानुराजा शाक्यले बताउनुभयो।

गुटेरेस लुम्बिनी भ्रमण गर्ने राष्ट्रसङ्घका छैटौँ महासचिव हुनुहुन्छ। राष्ट्रसङ्घका तत्कालीन महासचिव ऊ थान्तले सन् १९६७ मा राष्ट्रसङ्घको महासचिवका रुपमा लुम्बिनी भ्रमण गर्ने प्रथम महासचिव हुनुहुन्छ। राष्ट्रसङ्घका महासचिवका रुपमा थान्तको लुम्बिनी भ्रमणपछि नै लुम्बिनीको योजनाबद्ध विकासको सुरुआत भएको मानिन्छ।

जापानी वास्तुकलाविद् प्राध्यापक केन्जो टाँगेले राष्ट्रसङ्घका तत्कालीन महासचिव थान्तकै आग्रहमा सन् १९७८ मा लुम्बिनी गुरुयोजना तयार गर्नुभएको हो । संयुक्त राष्ट्रसङ्घका महासचिवका रुपमा ऊ थान्तको लुम्बिनी भ्रमणपछि नै लुम्बिनीको विश्वव्यापी प्रचार भएको थियो। यस्तै राष्ट्रसङ्घको महासचिवका रुपमा सन् १९८१ मा कर्ट वाल्डहिमले, ह्याभियर पेरिज द कोयरले सन् १९८९ र बान कि मुनले सन् २००८ मा लुम्बिनीको भ्रमण गर्नुभएको थियो। रासस

पर्यावरण र मानव समुदायमा नाटकीय परिवर्तन देखिँदैछ : राष्ट्रसङ्घ महासचिव गुटेरेस

काठमाण्डु । संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले जलवायु परिवर्तनको असरका रूपमा पर्यावरण र मानव समुदायमा नाटकीय परिवर्तन देखिन थालेको बताउनुभएको छ।

सगरमाथा क्षेत्रको अवलोकनका लागि उहाँ सोमबार बिहान सोलुखुम्बु जिल्लाको खुम्बु पासाङल्हामु गाउँपालिका-४ पुग्नुभएको थियो । उक्त क्षेत्रको अवलोकनका क्रममा सामाजिक सञ्जाल एक्समार्फत भिडियो सन्देश दिँदै महासचिव गुटेरेसले जलवायु परिवर्तन रोकथामका लागि विश्व समुदायलाई आग्रह गर्नुभएको छ।

"म अहिले यहाँ हिमालयमा छु । जहाँ हिमाल पग्लिरहेका छन् र हिमनदीहरू रेकर्ड लेभलमा छन्। अन्टार्टिका र ग्रीनल्याण्डमा जस्तै यहाँ पनि जलवायु परिवर्तनको गम्भीर असर देखिइरहेका छन्", गुटेरेसले भन्नुभएको छ, "हामीले बाढी पहिरो देख्नुपरेको छ। यहाँको समुदाय नाटकीयरूपमा प्रभावित भइरहेको छ। हामीले यसलाई रोक्न जरुरी छ।"

जलवायु परिवर्तनका असरले हिमालय क्षेत्रको पर्यावरण र जनजीवनमा देखिन थालेका असर तथा त्यसको रोकथामका लागि आफूले विश्वसमुदायको ध्यानाकर्षण गराउन चाहेको उहाँले उल्लेख गर्नुभएको छ। "हामीले बढ्दो तापक्रम वृद्धिलाई एक दशमलव पाँच डिग्रीमा सीमित गर्नसक्नुपर्छ । यसबाट हामी पछि हट्न सक्दैनौँ", उहाँले भिडियो सन्देशमार्फत् भन्नुभएको छ। रासस

को 'सम्माननीय', को 'माननीय'

काठमाण्डु । राष्ट्रियसभा, विधायन व्यवस्थापन समितिले 'राष्ट्रिय मर्यादा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' सर्वसम्मतिले पारित गरेको छ । सो गैरसरकारी विधेयक राष्ट्रियसभाको मङ्गलबार बस्ने बैठकमै प्रस्तुत गर्ने तयारी छ।

समितिको सोमबारको बैठकले सदस्य र विज्ञसहितको सुझाव समेटेर मर्यादासम्बन्धी विधेयक पारित गरेको सभापति जयन्ती राईले जानकारी दिनुभयो। त्यसले राष्ट्रिय मर्यादा क्रमका सन्दर्भमा उठेको केही मुख्य विषयवस्तुलाई सम्बोधन गरेको छ।

विधेयकमा अतिविशिष्ट र विशिष्ट व्यक्तिलाई 'सम्माननीय वा माननीय' के भनेर सम्बोधन गर्ने भन्ने विषयलाई व्यवस्थित गरिएको छ। यसमा अति विशिष्ट व्यक्तिहरू राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायाधीश तथा प्रतिनिधिसभाका सभामुख र राष्ट्रियसभाका अध्यक्ष रहने गरी मर्यादाक्रम मिलाउन प्रस्ताव गरिएको छ जसका पदका अघि 'सम्माननीय' भनी सम्बोधन गर्नुपर्ने हुन्छ।

त्यस्तै 'विशिष्ट व्यक्ति'का सूचीमा रहेका सङ्घीयमन्त्री र सांसद, प्रदेश प्रमुख-मुख्यमन्त्री-मन्त्री-सभामुख, प्रतिनिधिसभाका उपसभामुख र राष्ट्रियसभाका उपाध्यक्ष, सर्वोच्च अदालतका न्यायाधीश, संवैधानिक निकायका प्रमुख र सदस्य, महान्यायाधिवक्ता, पूर्वअतिविशिष्ट पदाधिकारी तथा संविधानसभाध्यक्ष-उपाध्यक्ष-सदस्यलाई भने पदका अघि 'माननीय' शब्दले सम्बोधन गरिनेछ।

महामहिम

गैरसरकारी विधेयकका रूपमा गोपीबहादुर सार्की आछामी, तुलप्रसाद विश्वकर्मा, देवेन्द्र दाहाल, प्रकाश पन्थ, प्रमिलाकुमारी, डा वेदुराम भुसाल, रमेशजङ्ग रायमाझी र शेखरकुमार सिंहले दर्ता गराएको विधेयकमा विदेशी राष्ट्रप्रमुख, नेपाली राजदूत, नेपालस्थित विदेशी राजदूत, संयुक्त राष्ट्र सङ्घ र सार्कका महासचिव, अन्तरसरकारी क्षेत्रीय सङ्गठनका पदाधिकारी र नेपालस्थित विदेशी कन्सुल जनरललाई भने पदका अघि 'महामहिम' शब्द प्रयोग गर्न प्रस्ताव गरिएको छ।

नेपालका राष्ट्रिय झन्डा र राष्ट्रिय गान कहाँ, कुनबेला र कसरी प्रयोग गर्नेजस्ता विषय पनि विधेयकमा व्यवस्था गरिएको छ। यसअघि मर्यादाक्रम गृह मन्त्रालय हुँदै मन्त्रिपरिषद्ले बनाउँदै आएको थियो। बेलाबेलामा हुने संशोधनले विद्यमान महत्त्वपूर्ण पदको मर्यादा तल र माथि भइरहने हुँदा अन्योल देखिँदै आएको छ।

संसद्का पदको गहन अध्ययन नभई मर्यादाक्रम निर्धारण हुँदा केन्द्रका साथै प्रदेश र स्थानीय तह तथा राजनीतिक दल र अन्य सङ्घसंस्थाले गर्ने कुनै विशेष कार्यक्रम, समारोह आदिमा असहज देखिएकाले यस्ता विषयलाई विधेयकले सम्बोधन गर्ने प्रयास गरेको छ।

राष्ट्रिय झन्डा कसले राख्ने

नेपालको राष्ट्रिय झन्डा कुन कुन व्यक्तिको सवारी साधनमा रहने भन्ने पनि प्रस्तावमा उल्लेख छ। सोअनुसार अतिविशिष्ट व्यक्ति, नेपाल सरकारका मन्त्री, प्रदेश प्रमुख-मुख्यमन्त्री-सभामुख-मन्त्री, प्रतिनिधिसभाका उपसभामुख र राष्ट्रियसभाका उपाध्यक्षले सवारीसाधनमा राष्ट्रिय झन्डा प्रयोग गर्न पाउने छन् । त्यसको उल्लङ्घन गर्नेलाई कसुरसहितको व्यवस्था गरिएकाले विधेयक अहिलेका सन्दर्भमा निकै महत्त्वपूर्ण सावित हुनेछ । राष्ट्रिय झन्डाको प्रयोग हाम्रो सम्मान र गौरवसँग जोडिएको विषय भएकाले त्यो कहाँ, कसरी र कसले गर्ने भन्नेमा यसअघि स्पष्ट व्यवस्था थिएन।

प्रारम्भमा प्रस्तावितभन्दा केही महत्त्वपूर्ण पदको मर्यादाक्रम छलफल र संशोधनपछि तल-माथि गर्न प्रस्ताव गरिएको छ। प्रस्तावित गैरसरकारी विधेयकमा प्रधानन्यायाधीशको मर्यादा पाँचौँ नम्बरमा राखिएकामा त्यसमा विधायनसमितिले संशोधन गरी पुनःहाल कायम रहेअनुसारकै ४ नम्बरमा राखेको छ।

प्रतिनिधिसभामा विपक्षी दलको नेताको मर्यादाक्रम संविधानसभाध्यक्ष, प्रतिनिधिसभाका पूर्वसभामुख र राष्ट्रियसभाका पूर्वअध्यक्षकै लहरमा रहने गरी सातौँ नम्बरमा कायम गर्न प्रस्ताव गरिएको छ। मर्यादाको नौ नम्बरमा सत्तापक्षका संसदीय दलका उपनेतासँगै विपक्षी दलका संसदीय दलको उपनेताको मर्यादा कायम रहने गरी प्रस्ताव गरिएको छ।

जिल्ला समन्वय समितिका प्रमुखपछि महानगरपालिका प्रमुखको मर्यादाक्रम राखिएको छ। नेपालमा प्रजातन्त्रको पुनःस्थापनापछि यसअघि गैरसरकारी विधेयकका रूपमा राष्ट्रिय मानवअधिकार आयोग, नेपाल स्वास्थ्य परिषद् र कानुनी सहायतासम्बन्धी विधेयक पेस गरिएको थियो। विगतदेखि नै आवश्यकता खड्किएको मर्यादाक्रमसम्बन्धी समस्या कानुनी बाटाबाट सम्बोधन गर्न लागिएको हो। रासस

शिर काटियोस् प्रचण्डसँग झुक्दिनँ : अध्यक्ष ओली

टुडे समाचारदाता

पोखरा । नेकपा एमालेका अध्यक्ष केपी ओलीले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'सँग कहिल्यै नझुक्ने बताएका छन्। 'मैले दुर्गा प्रसाईंलाई पत्राउ गर्न प्रचण्ड गुहारेको भनेर प्रचार भइरहेको छ,' उनले प्रचण्डप्रति ईंगित गर्दै भने, 'काटिएर जाओस् यो शिर, त्यस्ताहरूसँग शिर झुक्दैन। भोकै मर्छ, बाघ घाँसका त्यान्द्रा टिप्न जाँदैन।'

ओलीले देशमा राजनीतिक रूपमै डकैती भइरहेको आरोप लगाए। भन्सार र एयरपोर्टबाट कर छलेर तस्करी भइरहेको र सरकारले कारबाही गर्न नसकेको उनको आरोप उनको छ । 'भन्सारमा कर उठ्दैन, तस्करी मात्रै हुन्छ । एयरपोर्टबाट क्विन्टल सुन बरामद भयो, ६० किलोमा झऱ्यो' अघि भने, 'डकैती भइरहेको छ देशमा। साढे ९ केजी सुन बरामद भएको थियो, अहिले २ किलो होला । त्यहीँबाट खाए, सिद्धयाए।'

ओलीले देश टाट पल्टिने अवस्थामा पुगेको बताए। 'विगत दुई वर्षमा देशको अवस्था गम्भीर छ । बनाउन धेरै समय लाग्छ, ध्वस्त बनाउन समय नलाग्ने रहेछ । आर्थिक रूपमा टाट पल्टिने अवस्था छ', उनी भन्छन्, 'विदेशमा गएका नानीबाबुले पठाएका रेमिट्यान्सले मात्रै देश चलेको छ। अन्त डामाडोल छ।'

उनले एमालेलाई बदनाम गराउन आफूमाथि अनर्गल आरोप लगाएको बताए। 'कहिले कम्बोडियामा लगानी गरेको भन्छन्। कहिले ठाउँ ठाउँमा जग्गा र महल छ भन्छन्,' उनले भने, 'यो सबै एमाले सिध्याउन गरिएको दुष्प्रचार हो। कम्बोडियामा मैले टेलिकममा लगानी गरेको रहेछु भने पत्ता लगाउनुस्, १ हजार थपेर तपाईंलाई नै दिन्छु।'

एमाले गण्डकीको शपथ ग्रहण कार्यक्रमलाई सम्बोधन गर्दै ओलीले माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, एकीकृत समाजवादीका अध्यक्ष माधव नेपाल लगायतले कम्युनिस्ट पार्टी फुटाएर दक्षिणपन्थीको करेसामा बास माग्न पुगेको बताए। 'देशी विदेशी शक्ति मिलेर मलाई पार्टीबाट निष्कासन गरे। २ तिहाइको पार्टी फुटाउने, सरकार ढाल्ने उनीहरूको गन्तव्य स्पष्ट भयो,' उनले भने, 'कम्युनिस्ट आन्दोलन सिध्यायौं दक्षिणपन्थीको करेसामा बास माग्न जानुभयो।'

आफ्नो कार्यकालमा नेपालको उल्लेखनीय प्रगति भएको दाबी गर्दै ओलीले अहिले डामाडोल भएको बताए । 'मेरो कार्यकालमा दक्षिण एसियाको उदीयमान अर्थतन्त्र भएको देश भनेर नेपालको प्रशंसा गरिएको थियो। विश्वमा तीव्र विकास गर्ने १० देश मध्ये एक हो भनेर प्रचार भएको थियो' ओलीले भने, 'अहिले नेपाल दक्षिण एसियाको सबैभन्दा गरिब राष्ट्र बनेको छ। यो गठबन्धनको उपलब्धि हो।' उनले अझै २० वर्ष राजनीति गरेर विरोधीलाई तह लगाउने चेतावनी समेत दिए।

एमालेका सबै जिल्ला कमिटीको अधिवेशन माघ महिनाभित्र गर्ने निर्णय

काठमाण्डु । नेकपा (एमाले)ले माघ महिनाभित्रमा सबै जिल्ला र पालिका कमिटीको अधिवेशन गर्ने निर्णय गरेको छ।

पार्टीको सङ्गठन विभागले आगामी माघ महिनाभित्रमा सबै जिल्ला र पालिका कमिटीको अधिवेशन गर्न निर्णय गरेको एमाले सङ्गठन विभागका सचिव माधवप्रसाद ढुङ्गेलले जानकारी दिनुभयो। एमालेले भर्खरै मात्रै सात प्रदेश कमिटीको अधिवेशन सम्पन गरेको छ। पार्टीले सबै जिल्ला र पालिका तहलाई माघसम्म सम्पन्न गर्ने गरी कार्ययोजना बनाउनसमेत निर्देशन दिएको उहाँले बताउनुभयो।

यस्तै, पार्टीका जनसङ्गठनको प्रदेश तथा जिल्ला तहका अधिवेशन आगामी मङ्सिर र वडा कमिटीको अधिवेशन चैत मसान्तभित्र आयोजना गर्ने निर्णय गरेको उहाँले जानकारी दिनुभयो। पार्टीले वडा कमिटीको अधिवेशनसँगै पुनः फागुन र चैत्रमा पार्टी सदस्यता नवीकरण अभियान सञ्चालन गर्ने भएको छ। गत साउनमा गरिएको पार्टी सदस्यता अभियान र नवीकरणमा करिब पाँच लाख ५० हजार पार्टी सदस्यता पुगेका छन्।

केन्द्रीय सङ्गठन विभागबाट प्रमाणीकरण गरिएको नवीकृत सदस्यहरूको सूचीमा रहेका पार्टी सदस्यले मात्र स्थानीय पार्टी अधिवेशनको प्रक्रियामा सहभागी हुन पाउनेछन् । यस्तै साउनदेखि रोकिएको सदस्यता स्थानान्तरण कार्यलाई पनि खुला गर्ने निर्णय गरेको विभागका सचिव ढुङ्गेलले जानकारी दिनुभयो।रासस

Govt. of Madhesh Pradesh

Ministry of Labour and Transport

Janakpurdham

Invitation for Bids

1. Ministry of Labour and Transport, Madhesh Pradesh, Jankapurdham invites online bid under ebiding system through National Competitive Bidding (NCB) Single Stage Single Envelope Bidding procedure.

S. N.	Contract ID No.	Name of Work	Bid Security Amount (NRs)	Cost of Bidding Document (NRs)	Last Date and Time of Bid Submission	Bid Opening Date and Time
1	MOLT/MP/NCB/ GOODS/080/81/01	Purchase of 4 Wheeler Vehicle [2WD SUV] 1 PC	2,40,000/-	3,000/-	2023/11/30 (B.S. 2080/08/14) 12:00:00 hours	2023/11/30 (B.S. 2080/08/14) 14:00:00 hours

2. Eligible bidders may obtain further information from the office of Ministry of Labour and Transport, Madhesh Pradesh, Janakpurdham or may visit https://www.bolpatra.gov.np/egp/

भारतमा प्रार्थना सभामा भएको विस्फोटमा मर्नेको संख्या तीन पुग्यो

एएफपी

तिरुवनन्तपुरम । भारतमा एउटा ईसाई प्रार्थना सभाका क्रममा घरेलु बम विस्फोटबाट मर्नेको संख्या बढेर तीन पुगेको प्रहरीले सोमबार बताएको छ। अधिकारीहरूले बम विस्फोट गराएको दावी गर्ने एक व्यक्तिसँग सोधपुछ गरेको बताइएको छ।

आइतबार बिहान दक्षिणी राज्य केरलको एउटा कन्भेन्सन सेन्टरमा दुई हजारभन्दा धेरै यहोवाका साक्षीहरूको तीन दिने बैठक चलिरहेको बेला विस्फोट हुँदा आगोको गोला भिडमा परेको थियो।

प्रहरीका अनुसार प्रारम्भिक अनुसन्धानबाट विस्फोट तत्कालिक विस्फोटक उपकरणमार्फत भएको थियो। विस्फोटबाट एक महिलाको तत्काल मृत्यु भएको थियो भने अर्की महिलाको चोटका कारण धेरै घन्टापछि मृत्यु भएको थियो।

स्थानीय सहायक प्रहरी आयुक्त पीभी बेबीले शरीरका धेरै भाग जलेका कारण एक १२ वर्षीय बालिकाको मृत्यु भएको जानकारी दिनुभयो । बन्दरगाह कोच्ची सहर नजिकै कलामासेरीमा विस्फोट भएको थियो । केही घन्टापछि एक व्यक्तिले सामाजि सञ्जालमा सन्देश जारी गर्दै र टेलिभिजन च्यानलहरूमा प्रसार भएपछि आत्मसमर्पण गरेका थिए। उनले आफूलाई चर्चको असन्तुष्ट सदस्य भएको दावी गरेका थिए।

इजराइलीको खोजीमा भीडले रुसी विमानस्थलमा आक्रमण गरेपछि ६० जना पक्राउ

एएफपी

मस्को । मुस्लिम बहुल ककेसस गणतन्त्र दागेस्तानमा एक विमानस्थलमा हमला गरेको आशङ्कमा ६० जनालाई पक्राउ गरिएको रुसी प्रहरीले सोमबार बताएको छ । प्रहरीका अनुसार उनीहरूले यहुदी यात्रुहरूमाथि हमला गर्ने प्रयास गरिरहेका थिए।

'अल्लाहु अकबर' (ईश्वर सबैभन्दा महान छन्) भन्ने नारा लगाउँदै दर्जनौं प्रदर्शनकारी आइतबार मखाचकाला विमानस्थलमा ढोका र अवरोधहरू तोडेर धावनमार्गमा आएका थिए । आन्तरिक मन्त्रालयले शान्ति कायम गर्ने प्रयास गर्दा नौ प्रहरी घाइते भएको र तीमध्ये दुई जनालाई अस्पतालमा भर्ना गरिएको बताएको छ।

हिंसाका कारण इजराइलले आफ्ना नागरिकहरूको सुरक्षाका लागि रुससँग आग्रह गरेको छ। अमेरिकाले भने 'यहुदी विरोधी प्रदर्शन' को निन्दा गरेको छ।

उडान ट्र्याकिङ वेबसाइट फ्लाइटराडार२४ ले तेल अविवबाट रेड विङ्गसको एउटा उडान आइतबार साँझ ७ बजे मखाचकालामा अवतरण भएको सङ्केत दिएको छ।

स्वतन्त्र रुसी मिडिया आउटलेट सोताका अनुसार उक्त विमान ट्रान्जिटका लागि अवतरण भएको र दुई घन्टापछि पुनः मस्कोका लागि उडान भर्न लागेको थियो।

दागेस्तानका गर्भनर सर्गेई मेलिकोभले उक्त घटनामा जिम्मेबार व्यक्तिहरूलाई सजाय दिइने प्रतिबद्धता व्यक्त गर्नुभयो। दागेस्तानको आन्तरिक मन्त्रालयले पछि ६० जनालाई पक्राउ गरिएको जानकारी दिएको थियो।

"हमलामा एक सय ५० भन्दा बढी सहभागी भएको पहिचान भएको छ, तीमध्ये ६० जनालाई पक्राउ गरिएको छ", मन्त्रालयले सोमबार बिहान एक विज्ञप्तिमा भनेको छ, "अहिले विमानस्थल सुरक्षाकर्मीको पूर्ण नियन्त्रणमा छ।"

रुसको उड्डयन कार्यालयले सुरुमा नोभेम्बर ६ सम्म विमानस्थल बन्द हुने बताएको थियो तर पछि मङ्गलबार पुनः खोल्ने जानकारी दिएको थियो।

आइतबार साँझ इजराइली प्रधानमन्त्री बेन्यामिन नेतान्याहुको कार्यालयले एक विज्ञप्तिमा भनेको थियो, "रुसी अधिकारीहरूले सबै इजराइली नागरिक र यहुदीहरूको रक्षा गर्नेछन्, दङ्गाकारीविरुद्ध निर्णायक कारवाही गर्नेछन् र यहुदी तथा इजराइलीहरू विरुद्ध हिंसा भड्काउनेविरुद्ध कारवाही गर्नेछन् भन्नेमा इजराइलको अपेक्षा छ।"

इजरायली आक्रमणमा परी मृत्यु हुने प्यालेस्टिनीको संख्या आठ हजारभन्दा बढी

एएफपी

गाजा । गाजा पट्टीमा इजरायली आक्रमणमा परी मृत्यु हुने प्यालेस्टिनीको संख्या आठ हजार ३०६ पुगेको प्यालेष्टिनी स्वास्थ्य मन्त्रालयले सोमबार जनाएको छ।

मृत्यु हुनेमा तीन हजार ४५७ बालबालिका र दुई हजार १३६ महिला रहेको मन्त्रालयका प्रवक्ता अशरफ अल-कद्राले जारी गरेको विज्ञप्तिमा उल्लेख छ। इजरायली हवाई आक्रमणमा परी २१ हजार ४८ प्यालेस्टिनी घाइते भएका छन् बताइएको छ । गाजा पट्टीमा इजरायलको बमबारीका कारण २५ वटा अस्पतालसेवा स्थगन गर्न बाध्य भएको र २५ वटा एम्बुलेन्सलाई निशाना बनाइएको मन्त्रालयले जनाएको छ।

अल-कद्राले घाइते प्यालेस्टिनीलाई बचाउन पर्याप्त रगत नभएको बताउँदै गाजावासीलाई अस्पतालमा गएर रक्तदान गर्न आग्रह गर्नुभएको छ। गत अक्टोबर ७ मा हमासले इजरायली सेनाले सुरक्षा दिँदै आएको क्षेत्र र शहरहरूमा गरेको आक्रमणपछि इजरायली आक्रमण सुरु भएको थियो।

अहिलेसम्म इजरायलमा कम्तीमा एक हजार ४०० व्यक्तिको मृत्यु भइसकेको छ । इजरायली रक्षा बलका अनुसार हमासको आक्रमणका क्रममा कूल २३९ जनालाई बन्धक बनाइएको थियो, जसमध्ये अधिकांश सर्वसाधारण थिए।

गाजामा सहयोग रोक्नु 'अपराध' हुन सक्छ : आईसीसी

एएफपी

कायरो। अन्तर्राष्ट्रिय फौजदारी अदालत (आईसीसी) का प्रमुख अभियोजकले गाजामा मानवीय सहयोग रोक्नु मानवीय अपराध हुनसक्ने आइतबार चेतावनी दिनुभएको छ। "जेनेभा महासन्धिले प्रदान गरेको राहत आपूर्तिमा अवरोध उत्पन्न गर्नु अदालतको क्षेत्राधिकारभित्र अपराध हुनसक्छ", कायरोमा पत्रकारहरूसँग करिम खानले भन्नुभयो।

उहाँले इजिप्टको रफाह क्रसिङको भ्रमण गरेपछि सो कुरा बताउनुभएको हो। उहाँले अत्यावश्यकीय सामग्रीले भरिएका ट्रकहरू रफाह क्रसिङमा रोकिएको र गाजामा प्रवेश नपाएको बताउनुभयो।

"मैले मानवीय सहयोगसहित भरिएका ट्रकहरू त्यहाँ रोकिएको देखेँ जहाँ कसैलाई त्यो सहयोग आवश्यक थिएन, इजिप्टमा रोकिएको थियो, रफाहमा रोकिएको थियो", उहाँले भन्नुभयो, "यी आपूर्ति गाजाका नागरिकहरूलाई कुनै ढिलाइ नगरी उपलब्ध गराउनु पर्छ ।" हाल हमास नियन्त्रित प्यालेस्टिनी क्षेत्रमा अन्तर्राष्ट्रिय सहयोग प्रवेश गराउने रफाह एउटा मात्र प्रवेश विन्दु हो । हमास नियन्त्रित उक्त क्षेत्रले पूर्ण घेराबन्दी र इजराइली बमबारीको सामना गरिरहेको छ। इजराइली अधिकारीहरूका अनुसार अक्टोबर ७ मा हमासका बन्दुकधारीहरूले सीमा पार गरेर गरेको

हमलापछि इजराइलले गाजालाई घेराबन्दी गरेको छ र ठूलो मात्रामा बमबारी सुरु गरेको छ । हमासले गरेको हमलामा अधिकांश सर्वसाधारणसहित एक हजार चार सय जना मारिएका थिए भने हमासले दुई सय ३० नागरिकलाई बन्धक बनाएको थियो।

इजराइलले गरेको जवाफी हमलामा अहिलेसम्म आठ हजारभन्दा बढी मानिस मारिएको र तीमध्ये आधाजति बालबालिका रहेको हमास-नियन्त्रित स्वास्थ्य मन्त्रालयले बताएको छ । अक्टोबर २१ मा रफाह क्रसिङमार्फत सीमित सहयोग सामग्री वितरण सुरु भएको थियो र अहिलेसम्म एक सय १७ ट्रक रफाह क्रसिङबाट गाजा प्रवेश गरेका छन् । घेराबन्दी हुनुभन्दा पहिला सहयोग सामग्री र अन्य सामग्री लिएर करिब पाँच सय ट्रक प्रत्येक दिन गाजामा प्रवेश गर्थे।

गाजामा सर्वसाधारणलाई आधारभूत खाद्यान्न र औषधि सुनिश्चित गर्नका लागि इजराइलले बिना कुनै ढिलाइ ठोस प्रयास गर्नुपर्ने आफूले इजराइललाई स्पष्टरूपमा भन्न चाहेको खानले बताउनुभयो। आइतबार संयुक्त राष्ट्रसङ्घले प्यालेस्टिनी शरणार्थीका लागि उसको एजेन्सी युएनआरडब्लुएले गाजामा सञ्चालन गरेको खाद्यान्न सहायता केन्द्रहरूमा लुटपाट भएपछि सार्वजनिक व्यवस्था बिग्रन सक्ने चेतावनी दिएको थियो।

राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेर्रेसले मृतकहरूको सङ्ख्या बढ्दै गएको र आवश्यक खाद्यान्न, पानी, औषधि र आश्रयको आपूर्ति कम हुँदै गएकाले गाजा क्षेत्रको अवस्था प्रत्येक घन्टा भयावह हुँदै गएको बताउनुभयो । इजराइलीले प्यालेस्टिनी क्षेत्र वा प्यालेस्टिनीले इजराइली क्षेत्रमा गरेको जुनसुकै अपराधको पनि आफ्नो कार्यालयमा अनुसन्धान भइरहेको खानले बताउनुभयो।

"यसमा गाजा र पश्चिम किनारमा भएका हालका घटना सामेल छन्", उहाँले भन्नुभयो, "सन् १९६७ देखि इजराइलले कब्जामा लिएको क्षेत्रमा प्यालेस्टिनी नागरिकहरूविरुद्ध त्यहाँ बस्नेहरूले आक्रमण गरेका घटनाको सङ्ख्या बढ्दै गएको रिपोर्टले म अत्यन्त चिन्तित छु।"

खानले बन्धक बनाउनु जेनेभा महासन्धिको उल्लङ्घन भएकोमा पनि जोड दिनुभयो । "हमासले इजराइलबाट बन्धक बनाएका सबैलाई तत्काल रिहा गर्न र परिवारसँग उनीहरूको सुरक्षित फिर्तीका लागि आग्रह गर्दछु", उहाँले भन्नुभयो, "हमाससँगको युद्धमा इजराइलको नैतिक दायित्व मात्र नभएर युद्धका कानूनहरूको पालना गर्ने पनि दायित्व छ, यो नियम इजराइलमा अन्धाधुन्ध रकेट हमला गर्ने हमासमा पनि समानरूपमा लागू हुन्छ।"

भारतमा रेल दुर्घटनामा मर्नेको संख्या १३ पुग्यो

एएनआई

अमरावती । भारतको आन्ध्र प्रदेशमा रेल दुर्घटनामा मर्नेको संख्या १३ पुगेको छ । विजयनगरम जिल्लामा दुर्घटना भएको र उद्धार कार्य जारी रहेको प्रहरीले जनाएको छ।

विजयनगरमका प्रहरी सुपरिटेन्डेन्ट एम दीपिकाले भन्नुभयो, "अहिलेसम्म १३ जनाको मृत्यु भएको छ, तीमध्ये सात जनाको सनाखत भएको छ र अन्यको पहिचान हुन बाँकी छ।" यसअघि इस्ट कोस्ट रेलवेका सीपीआरओ विश्वजीत साहुले ट्र्याक पुनःस्थापनाको काममा ध्यान दिइएको बताउनुभएको थियो।

"उद्धार कार्य अहिले सकिएको छ, हामीले फँसेका यात्रुहरूका लागि बस र रेलको व्यवस्था गरेका छौँ, १८ वटा रेल रद्ध गरिएको छ र २२ वटा रेल मार्ग परिवर्तन गरिएको छ, हामी आज साँझ ४ बजेसम्म ट्र्याक खाली गर्ने प्रयास गरिरहेका छौँ", उहाँले भन्नुभयो। उहाँले सामान्य घाइतेलाई नजिकैको अलामान्दा अस्पतालमा भर्ना गरिएको पनि जानकारी दिनुभयो । "सामान्य घाइते भएकाको अलामान्दा अस्पतालमा प्राथमिक उपचार भइरहेको छ, गम्भीर घाइतेलाई विजयनगरम र विशाखापट्टनम अस्पतालामा लगिएको छ, हामीले फँसेका यात्रुहरूका लागि रेल र बसको व्यवस्था गरेका छौँ, केही रेललाई रद्ध र डाइभर्ट गरेका छौँ, हामीले सहायता डेस्क स्थापना गरेर यात्रुहरूलाई एसएमएसमार्फत सूचित गरिरहेका छौँ", उहाँले भन्नुभयो।

"हाम्रो दुई एआरटी (एक्सिडेन्ट रिलिफ ट्रेन) टिमले त्यहाँ काम गरिरहेका छन् र सम्बलपुर मुख्यालय डिभिजनका सबै कर्मचारी पनि त्यहाँ काम गरिरहेका छन्, साँझ ४ बजेसम्म ट्र्याक सफा गर्ने प्रयास गरिरहेका छन्", उहाँले भन्नुभयो।

आइतबार साँझ आन्ध्र प्रदेशको विजयनगरम जिल्लामा विशाखापट्टनम-रगडा यात्रुवाहक रेल सोही मार्गबाट गइरहेको विशाखापट्टनम-रगडा रेलसँग ठोक्किएपछि केही डिब्बा लिकबाट खसेको अधिकारीहरूले बताएका छन्। डिभिजनल रेलवे व्यवस्थापकले दुर्घटनामा तीन वटा डिब्बा संलग्न रहेको बताए।

अर्थतन्त्रलाई बढावा दिन पाकिस्तान प्रत्यक्ष लगानी बढाउने प्रयासमा छ : राष्ट्रपति

सिन्ह्वा

इस्लामाबाद । पाकिस्तानी राष्ट्रपति आरिफ अल्भीले अर्थतन्त्रलाई बढावा दिनका लागि पाकिस्तानले अन्य मुलुकहरूसँग संयुक्त उद्यम कार्यक्रममार्फत प्रत्यक्ष वैदेशिक लगानी (एफडीआई) बढाउने प्रयास गरिरहेको बताउनुभएको छ।

मुलुकको दक्षिणी बन्दरगाह सहर कराँचीमा सम्बोधन गर्दै उहाँले पाकिस्तानमा एफडीआईको माध्यमबाट आर्थिक विकासलाई बढाउने भरपुर क्षमता रहेको र यसको उपयोग जिम्मेवारी लिएर र विवेकपूर्ण नीतिहरू बनाएर गर्न सकिने बताउनुभयो।

धेरै राजनीतिक तथा आर्थिक चुनौतीका बाबजुद सरकारले आर्थिक सूचकहरूलाई माथि लैजानका लागि हरसम्भव प्रयास गरिएको उहाँको भनाइ थियो । "सहज व्यापार र समयमै लिइने निर्णयले मुलुकलाई आर्थिक स्थिरताको मार्गमा लैजान महत्वपूर्ण भूमिका निर्वाह गरेको छ", पाकिस्तानलाई आर्थिकरूपमा बलियो बनाउन व्यापारिक समुदायको भूमिका महत्वपूर्ण रहेको उल्लेख गर्दै राष्ट्रपति अल्भीले भन्नुभयो।

राष्ट्रिय विकास प्रक्रियामा महिला सहभागिताका बारेमा कुरा गर्दै उहाँले महिलाहरूलाई वित्तीयरूपमा सक्षम बनाउन र उनीहरूलाई मुलुकको अर्थतन्त्रमा आफ्नो भूमिका निर्वाह गर्न सक्षम बनाउनका लागि कम्पनीहरूमा रोजगारी दिनुपर्ने बताउनुभयो।

बेइजिङद्वारा उच्च वायु प्रदूषण नियन्त्रणका लागि चेतावनी जारी

सिन्ह्वा

बेइजिङ । बेइजिङका अधिकारीहरूले उच्च वायु प्रदुषण नियन्त्रणका लागि सोमबारदेखि अरेन्ज अलर्ट जारी गरेका छन्। बेइजिङको चेतावनी प्रणालीमा दोस्रो सबैभन्दा ठूलो अरेन्ज अलर्ट सहरमा लगातार दुई दिनसम्म गम्भीर वा लगातार दिनसम्म मध्यम वायु प्रदूषण हुँदा जारी गरिन्छ।

मङ्गलबारदेखि बिहीबारसम्म आपत्कालीन प्रतिक्रिया उपायहरूको शृङ्खला लागू गरिनेछ जसमा व्यापक प्रदूषण फैलाउने सवारी साधनमाथि अनिवार्य यातायात प्रतिबन्ध लगाइने छ । बेइजिङ म्युनिसिपल इकोलोजी एन्ड इन्भाइरोमेन्ट ब्यूरोले बालबालिका, वृद्ध, हृदय वा दीर्घ स्वास्थ्य समस्याबाट पीडित मानिसलाई घरभित्रै बस्न र अन्य मानिसलाई बाहिरी गतिविधि कम गर्न सल्लाह दिएको छ।

ब्यूरोले प्रतिकूल मौसमका कारणले बेइजिङ र छिमेकी क्षेत्रमा धुवाँ देखिएको बताएको छ । मौसम पूर्वानुमानअनुसार बेइजिङमा वायु प्रदूषणको विद्यामान अवस्था शुक्रबार समाप्त हुने अपेक्षा गरिएको छ।

नेपालले सिङ्गापुरलाई हरायो

काठमाण्डु । आइसिसी ट्वान्टी २० विश्वकप एशिया छनोटको आफ्नो पहिलो खेलमा नेपालले सिङ्गापुरलाई आठ विकेटले पराजित गर्दै प्रतियोगितामा सुखद सुरुआत गरेको छ।

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा सिङ्गापुरले दिएको १४६ रनको लक्ष्य नेपालले १६ दशमलव ३ ओभरमा मात्र २ विकेट गुमाएर पूरा गऱ्यो । नेपालको जितमा कुशल भुर्तेलले अर्धशतक प्रहार गरे । ओपनर भुर्तेलले ४८ बलमा ८ चौका र २ छक्काको मद्दतमा सर्वाधिक ७४ रनको योगदान दिए।

त्यस्तै रोहित पौडेलले अविजित ३५ रन बनाए। उनले २४ बलमा २ चौका र २ छक्कासहित ३५ रन बनाएका हुन् । नेपालका अर्का ओपनर आसिफ शेख र कुशल भुर्तेलले ९ दशमलव १ ओभरमा ८४ रनको साझेदारी गर्दै उत्कृष्ट सुरुआत गरेका थिए। आसिफले २७ रन बनाए। उनले २६ बलमा २ चौका र १ छक्कासहित २७ रन बनाएका हुन्। सिङ्गापुरका लागि अनन्त कृष्ण र अक्षय पुरीले समान एक, एक विकेट लिए।

त्यसअघि टस जितेर पहिले ब्याटिङ रोजेको सिङ्गापुरले निर्धारित २० ओभरमा ९ विकेट गुमाउँदै १४५ रनको योगफल बनाएको थियो। सिङ्गापुरका लागि युवा ओपनर रोहन रङ्गराजनले सर्वाधिक ४६ रनको योगदान दिए। उनले ३० बलमा ९ चौका र १ छक्कासहित ४६ रन बनाएका हुन्।

त्यस्तै आर्यवीर चौधरीले ३७ रन बनाए। उनले २६ बलमा ५ चौकासहित ३७ रन बनाएका हुन्। मनप्रित सिंहले २४ तथा अक्षय पुरीले १३ रन जोडे । नेपालका लागि अभिनाश बोहोराले तीन विकेट लिए भने सन्दिप लामिछाने, गुल्सन झा र करण केसीले समान दुई, दुई विकेट लिए। नेपालको दोस्रो पटक ट्वान्टी २० विश्वकपमा छनोट हुने लक्ष्य रहेको छ। यसअघि नेपालले सन् २०१४ मा बङ्गलादेशमा टि ट्वान्टी विश्वकप खेलेको थियो । अब नेपालले आफ्नो दोस्रो खेल भोलि मलेसियासँग खेल्नेछ । विभिन्न आठ टोली सहभागी उक्त प्रतियोगितामा शीर्ष दुई स्थान हासिल गर्ने टोलीले आगामी सन् २०२४ मा अमेरिका र वेस्टइन्डिजमा संयुक्तरुपमा आयोजना हुने टि २० विश्वकप खेल्न पाउनेछन्।

विश्वकपको एशिया छनोटअन्तर्गत समूह ए मा आयोजक नेपालसहित मलेसिया, सिङ्गापुर र ओमान छन्। त्यस्तै समूह बी मा युएई, हङ्कङ, बहराइन र कुवेत छन्। रासस

आइसिसी टी-२० विश्वकप छनोटमा युएई विजयी

काठमाण्डु । आइसिसी टी-२० विश्वकप एसिया छनोटअन्तर्गत समूह बी को पहिलो खेलमा संयुक्त अरब इमिरेट्स (युएई) ले बहराइनलाई पराजित गरेको छ। मूलपानी क्रिकेट मैदानमा सोमबार भएको खेलमा युएईले बहराइनलाई पाँच विकेटले पराजित गर्दै विजयी सुरुआत गरेको हो। बराइनले दिएको १३६ रनको लक्ष्य युएईले १८ दशमलव २ ओभरमा ५ विकेट गुमाउँदै भेट्टायो। यस जितसँगै युएईले प्रतियोगितामा दुई अङ्क जोड्ेको छ।

युएईका लागि अलि नासिरले सर्वाधिक ४८ रन बनाए। उनले २६ बलमा चार चौका र तीन छक्काको मद्दतमा अविजित ४८ रन बनाएका हुन्। त्यस्तै आशिफ खानले २३ रनको योगदान दिए भने कप्तान मोहम्मद वसिमले ११ रन बनाए। बसिल अहम्मदले ११ जोडे। बहराइनका लागि रिजवान बुट्टले दुई विकेट लिए भने साथिया विरापाथिरन, अब्दुल मजिद र सचिन कुमारले समान एक/एक विकेट झारे।

त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको बहराइनले निर्धारित २० ओभरमा ६ विकेट गुमाउँदै १३५ रनको योगफल बनाएको थियो। बहराइनका लागि हैदर बुट्टले सर्वाधिक ५९ रन बनाए। उनले ४३ बलमा पाँच चौका र दुई छक्काको मद्दतले सर्वाधिक ५९ रन बनाएका हुन् । त्यस्तै जुनेद अजिजले २५ रन जोडे भने सोहिल अहम्मदले २८ रन बनाए।

युएईका लागि जुनेद सिद्धिगी र आयान अफजल खानले समान दुई, दुई विकेट लिए भने अलि नासिर र कार्तिक मैइएप्पनले समान एक/एक विकेट झारे। रासस

दीपेन्द्रले विश्वकप छनोट गुमाउने सम्भावना

टुडे समाचारदाता

काठमाण्डु। नेपाली राष्ट्रिय टिमका अलराउन्डर दीपेन्द्रसिंह ऐरी अभ्यासका क्रममा घाइते भएपछि आइसिसी टी-२० विश्वकप २०२४ अन्तर्गत एसिया छनोटका सबै खेल गुमाउने सम्भावना बढेको छ।

सोमबार बिहान त्रिवि मैदानमा सिंगापुरविरूद्धको खेलअघिको अभ्यासका क्रममा उनको गोलिगाँठोमा चोट लागेको थियो। त्यसपछि उनलाई उपचारका लागि मेडिसिटी अस्पताल पुऱ्याइएको थियो।

सिंगापुरविरूद्ध नेपालले ८ विकेटको जित निकालेपछि दीपेन्द्र वैशाखी टेकेर त्रिवि मैदान आएका थिए। अब नेपालले एक साताभित्र बढीमा चार र कम्तीमा दुई खेल खेल्नेछ। नेपालले भोलि मलेसिया र बिहीबार ओमानसँग खेल्नेछ। त्यसपछि शुक्रबार सेमिफाइनल र आइतबार फाइनल हुनेछ। त्यसअघि उनी मैदान फर्कने सम्भावना न्यून छ। उनको खुट्टामा चोट लागेको कारण सोमबार कीर्तिपुरस्थित त्रिवि मैदानमा सिंगापुरविरूद्धको खेल गुमाएका थिए। उनको स्थानमा विवेक यादवले सिंगापुरविरूद्धको खेलमा स्थान बनाएका थिए।

अघिल्लो साता नेपालमै भएको हङकङ र युएईविरूद्धको टी-२० सिरिजमा दीपेन्द्रले उत्कृष्ट खेल देखाएका थिए। उच्च लयमा रहेको बेलामा घाइते भएसँगै दीपेन्द्र टी-२० छनोटमा नेपाली टिममा फर्कनेमा शंका बढेको छ।

हङकङले १६ रनले हरायो कुवेतलाई

टुडे समाचारदाता

काठमाण्डु । टी–२० विश्वकप छनोट प्रतियोगिताको पहिलो दिन सोमबार सम्पन्न चौथो खेलमा हङ्कङले कुवेतलाई १६ रनले पराजित गरेको छ। समूह 'बी' अन्तर्गत मुलपानी क्रिकेट मैदानमा टस हारी पहिले ब्याटिङको निम्तो पाएको हङ्कङले निर्धारित ओभरमा ६ विकेट गुमाएर एक सय ६६ रन बनाएको थियो।

जवाफी ब्याटिङमा ओर्लिएको कुवेतले भने निर्धारित ओभरमा आठ विकेट गुमाएर एक सय ५० रनमात्र बनाउन सक्यो। जारी छनोट प्रतियोगितामा समूह 'बी' को यो दोस्रो खेल हो । यसअघि सोमबार नै खेलिएको पहिलो खेलमा संयुक्त अरब इमिरेट्स (यूएई) ले बहराइनलाई पाँच विकेटले हराएको थियो।

समूह 'बी' दुई अंकसहित हङ्कङ पहिलो र समान अंक जोडेको यूएई दोस्रो स्थानमा छन्। नेट रन रेटमा यूएईभन्दा हङकङ अगाडि छ । हङ्कङको जितमा ब्याटिङतर्फ ओपनर मार्टिन कोएट्जीले ८१ रनको योगदान गरे। उनले केवल ४८ बलमा एक छक्का र १४ चौका पनि हिर्काए।

ओपनिङ विकेटका लागि मार्टिन र कप्तान निजाकत खानले एक सय एक रनको साझेदारी गरे। निजाकत खानले पनि २४ बलमा दुई चौकाको मद्दतले २५ रन बनाए। तेस्रो नम्बरका ब्याट्सम्यान बाबर हायातले पनि टोलीको खातामा ३१ रन थपे। उनले २७ बलमा दुई छक्का र एक चौका हिर्काएका थिए।

कुवेतका बलर सैयद मोनिबले दुई विकेट लिए। जवाफी ब्याटिङमा ओर्लिएको कुवेतका लागि कप्तान मोहम्मद असलमले ५२ रन बनाए पनि टोलीको जितका लागि त्यो पर्याप्त हुन सकेन । पाँचौं नम्बरमा क्रिज समाल्न आएका उनले ३९ बलमा एक छक्का र ६ चौका पनि हिर्काएका थिए । विकेट किपर ब्याट्सम्यान उसमान पटेलले पनि २९ रन बनाएका थिए। उनले २४ बलमा एक छक्का र तीन चौका प्रहार गरे । बिलाल ताहिरले पनि ३६ रन बनाएका थिए। उनले केवल २६ बलमा तीन छक्का र एक चौका प्रहार गरे। हङ्कङका बलर इजाज खानले तीन विकेट लिएका थिए। एहसान खान र आयुष शुक्लाले पनि दुई–दुई विकेट हात पारेका थिए। जारी छनोट प्रतियोगिताको फाइनलमा पुग्ने दुई टोलीले सन् २०२४ मा आयोजना हुने टी–२० विश्वकप खेल्न पाउने छन्।

सुनसरीको इनरुवा-२ मा तिहारमा बिक्रीका लागि बनाइएको माटाको दियो घाममा सुकाउँदै स्थानीय परमेश्वर पण्डित । माटाको दियो खुद्रामा एक दर्जनको १५ देखि २० रुपियाँसम्ममा बिक्री हुने कुमाले बताउँछन् । *तस्बिर : रासस*

पुँजीगत खर्चको तुलनामा ऋणको साँवाब्याज भुक्तानी करिब तीनगुणा बढी

काठमाण्डु । चालु आर्थिक वर्ष २०८०/८१ को पहिलो तीन महिनामा सरकारले गरेको पुँजीगत खर्चको तुलनामा सोही अवधिमा भएको सार्वजनिक ऋणको साँवाब्याज भुक्तानी दायित्व करिब तीनगुणा बढी देखिएको छ । सरकारी ऋण बर्सेनि बढ्दै गएसँगै त्यसको साँवा र ब्याज भुक्तानीका लागि हुने खर्च पनि बढ्दै गएको हो ।

महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्कअनुसार कात्तिक १२ गतेसम्ममा सरकारले रू २५ अर्ब ७८ करोड ९० लाख बराबर पुँजीगत खर्च गरेको छ । त्यस्तै गत असोज मसान्तसम्ममा सरकारी ऋणको साँवाब्याज तिर्न रू ६७ अर्ब ७० करोड ७१ लाख खर्च भएको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको तथ्याङ् कबाट देखिन्छ । यो अवधिमा भएको कुल पुँजीगत खर्चको तुलनामा सरकारी ऋणको साँवाब्याज तिर्न भएको खर्च करिब तीनगुणाले बढी हो ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले प्रकाशित गरेको असोज मसान्तसम्मको सरकारी ऋणको विवरणअनुसार यो अवधिसम्ममा आन्तरिक ऋणको साँवा रू ४२ अर्ब ८४ करोड १७ लाख र ब्याज रू १३ अर्ब ७१ करोड ५० लाख ब्याज गरी कूल रू ५६ अर्ब ५५ लाख ६७ लाख बराबर भुक्तानी भएको छ ।

त्यस्तै, बाह्य ऋणको रू आठ अर्ब ७० करोड ३६ लाख साँवा र रू दुई अर्ब ४४ करोड ६८ लाख ब्याज गरी कूल रू ११ अर्ब १५ करोड चार लाख बराबर भुक्तानी भएको छ । त्यस्तै चालु आर्थिक वर्षको तीन महिना अवधिमा नेपालले रू ९७ अर्ब ३१ करोड बराबर आन्तरिक र रू नौ अर्ब ४७ करोड ८० लाख बाह्य गरी कूल रू एक खर्ब छ अर्ब ७८ करोड ८० लाख बराबर ऋण लिएको छ । योसँगै नेपालको कूल सार्वजनिक ऋण रू २३ खर्ब ५४ अर्ब ५९ करोड ५१ लाख पुगेको कार्यालयले जनाएको छ । गत असोज मसान्तसम्ममा नेपालले रू ११ खर्ब ८३ अर्ब ५७ करोड २१ लाख आन्तरिक र रू ११ खर्ब ७१ अर्ब दुई करोड ३१ लाख बाह्य ऋण तिर्न बाँकी देखिएको हो ।

अर्कोतर्फ सरकारको घाटा बजेटको आँकडा पनि बढ्दै गएको छ । हालसम्म कूल तीन खर्ब तीन अर्ब ६५ करोड ३७ लाख बराबर बजेट खर्च हुँदा राजस्व सङ्कलन भने रू दुई खर्ब ४८ अर्ब २८ करोड ५० लाख बराबर देखिएको छ । अर्थात् हालसम्म सरकारको आम्दानीको तुलनामा खर्च रू ५५ अर्ब ६७ करोड बढी छ । रासस

भारतमा नेपाली सिमेन्टको माग बढ्दै, असोजमा मात्र ४३ करोडको निर्यात

टुडे समाचारदाता

काठमाण्डु । गत आर्थिक वर्षभरि नेपालबाट जति सिमेन्ट निर्यात भएको थियो, यो आर्थिक वर्षका तीन महिनामै त्यति नै सिमेन्ट निर्यात भएको छ । २०७९ साउनबाट सिमेन्ट निर्यात सुरू भएको थियो। २०८० असारसम्म आइपुग्दा करिब ७८ करोड रूपैयाँको निर्यात भएको थियो ।

२०८० साउनदेखि असोज महिनासम्म भने ८५ करोड रूपैयाँभन्दा बढीको सिमेन्ट निर्यात भएको छ । यसपालि असोजमा मात्रै कुल निर्यातमा सिमेन्टको हिस्सा तीन प्रतिशत पुगेको छ। जबकि गत वर्ष असोजमा समग्र निर्यातमा सिमेन्टको हिस्सा ०.०१ प्रतिशत मात्रै थियो ।

चालु वर्षको साउन र भदौ महिनामा ४१ करोड ८४ लाख रूपैयाँको रूपैयाँको सिमेन्ट र क्लिंकर भारतीय बजारमा निर्यात भएको छ। असोज एक्लो महिनामा ४३ करोड ४५ लाख रूपैयाँको निर्यात भएको हो।

गत आर्थिक वर्षको पहिलो त्रैमासिक (साउन-भदौ-असोज) को तुलनामा यो वर्ष यही अवधिमा ४१ गुणा बढी निर्यात भएको हो । उद्योगीहरूका अनुसार निर्यात बढे पनि समग्र उत्पादन भने बढेको छैन। देशभित्र सिमेन्टको मागमा कमी आएकाले निर्यातमा क्रमशः सुधार भएको उनीहरूले बताएका छन्। नेपालबाट २०७९ साउनमा पहिलोपटक ४९ लाख रूपैयाँको सिमेन्ट निर्यात भएको थियो। यी १५ महिना अवधिमा एक अर्ब ६३ करोड रूपैयाँको सिमेन्ट र क्लिंकर भारतीय बजारमा बिक्री भइसकेको छ।

कुन महिना कति सिमेन्ट निर्यात भयो ?

- साउन २०७९ मा (पहिलो महिना)- ४९ लाख रूपैयाँ
- भदौ २०७९- ४० लाख रूपैयाँ
- असोज २०७९- एक करोड २६ लाख रूपैयाँ
- कात्तिक २०७९- एक करोड ३५ लाख रूपैयाँ
- मंसिर २०७९- ९१ लाख रूपैयाँ
- पुस २०७९- चार करोड २० लाख रूपैयाँ
- माघ २०७९- आठ करोड सात लाख रूपैयाँ
- फागुन २०७९- १३ करोड ७६ लाख रूपैयाँ
- चैत २०७९- ११ करोड ७६ लाख रूपैयाँ
- वैशाख २०८० मा- १३ करोड १२ लाख रूपैयाँ
- जेठ २०८०- १२ करोड ३२ लाख रूपैयाँ
- असार २०८०- १० करोड २९ लाख रूपैयाँ
- साउन २०८०- २३ करोड ५० लाख रूपैयाँ
- भदौ २०८०- १८ करोड ३४ लाख रूपैयाँ
- असोज २०८०-४३ करोड ४५ लाख

गत वर्ष बजेटबाट सरकारले सिमेन्ट निर्यातमा नगद अनुदान तथा बिजुली प्रयोग गर्दा शुल्क छुटका योजना लिएसँगै सिमेन्ट निर्यात क्रमशः बढेको हो । अहिले सिमेन्टको निर्यातमा ८ प्रतिशत नगद अनुदान र १० करोडभन्दा बढीको विद्युत खपत गर्दा महसुलमा १५ प्रतिशतसम्म छुट दिने व्यवस्था छ। अहिलेसम्म नेपालबाट पाल्पा, अर्घाखाँची, बालाजी र सिजी सिमेन्ट भारतीय बजारमा बिक्री भइरहेका छन्। सिमेन्ट निर्यात गर्ने उद्योग संख्या बढेसँगै निर्यातको मात्रा पनि बढ्दो छ । भारतमा तयारी सिमेन्टभन्दा बढी क्लिंकर निर्यात भएको छ। क्लिंकर सिमेन्ट अर्धतयारी कच्चा पदार्थ हो। चालु वर्षको तीन महिनामा ४६ करोड ८९ लाख ९१ हजार रूपैयाँको एक लाख ११ हजार १०६ टन क्लिंकर निर्यात भएको छ। त्यस्तै ३८ करोड ४० लाख ८० हजार रूपैयाँको ६ लाख ९ हजार ४४८ टन पिपिसी सिमेन्ट निर्यात भएको छ।

अघिल्ला महिनाहरूमा तयारी सिमेन्टको तुलनामा क्लिंकर निर्यात करिब दोब्बर थियो। असोजमा भने सिमेन्ट र क्लिंकरको निर्यात बराबर छ। असोजमा २२ करोड २० लाखको तयारी सिमेन्ट र २१ करोड २५ लाखको क्लिंकर निर्यात भएको छ। माग बढाउन नेपाली व्यवसायीहरूले भारतमा विज्ञापन पनि गरिरहेका छन्। अर्घाखाँची सिमेन्टका सञ्चालक पशुपति मुरारकाले भारतीय बजारमाआफ्नोसिमेन्टकोविज्ञापन गरिएको जानकारी गराए । सिमेन्टको निर्यातमा सुधार भए पनि आन्तरिक माग बढ्न नसकेको कारण उत्पादन कम नै छ। सिमेन्टका लागि यो समय अफ-सिजन हो। तर पनि उत्पादन क्षमता ३० देखि ३५ प्रतिशत मात्रै भएको सिमेन्ट उत्पादक संघका अध्यक्ष ध्रुव थापाले बताए। गत वर्ष यसै समयमा ३५ प्रतिशतसम्म क्षमतामा उद्योग चलेका थिए ।

संघको तथ्यांकअनुसार नेपाली सिमेन्ट उद्योगहरूको वार्षिक उत्पादन क्षमता दुई करोड ५० लाख टन पुगिसकेको छ। विगत पाँच-सात वर्षअघिसम्म विदेशी सिमेन्टमै पूर्ण निर्भर नेपाल आज निर्यात गर्ने हैसियतमा पुगेको छ। भुइँचालोपछिका वर्षहरूमा हेर्ने हो भने आर्थिक वर्ष २०७४/७५ मा हालसम्मकै धेरै सिमेन्ट र क्लिंकर आयात भएको देखिन्छ। यो स्थितिबाट उठेर सिमेन्ट व्यापार अहिले निर्यातउन्मुख छ । यसबीच देशभर दर्ता भएका सिमेन्ट उद्योगको संख्या एक सय नाघेको छ। सिमेन्ट उत्पादक संघको तथ्यांकअनुसार यी सबैमा तीन खर्ब रूपैयाँभन्दा धेरै लगानी छ। दर्ता भएका सबै सिमेन्ट उद्योग चलेका भने छैनन् ।

कोइलाको अभावमा सिमेन्ट उत्पादन बन्द

हेटौंडा।हेटौंडासिमेन्टउद्योगले आर्थिक सङ्कटको कारणबाट समयमा कोइला खरिद गर्न नसक्दा आफ्नो उत्पादन सोमबारदेखि बन्द गरेको छ । सो उद्योगमा मासिक तीन हजार छ सय मेट्रिक टन कोइला खपत हुने गर्दछ। उद्योगका महाप्रबन्धक वसन्तराज पाण्डेले बडादसैंको बिदा हुनुअघिसम्म सो उद्योग सञ्चालनमा रहेको र त्यस अवधिमा तीन लाख बोरा सिमेन्ट उत्पादन भएको जानकारी दिनुभयो ।

उहाँले आर्थिक सङ् कटका कारण बाह्य मुलुकबाट कोइला खरिद गर्न नसकिएको हुँदा सिमेन्ट उत्पादन बन्द गरिएको बताउनुभयो ।उहाँले आर्थिक सङ् कटबारे सङ्घीय सरकारका उद्योग तथा आपूर्तिमन्त्री र सचिवलाई जानकारी गराइएको र केही आर्थिक अनुदान उपलब्ध भएमा उद्योगलाई पुनः सञ्चालनमा ल्याइने बताउनुभयो ।

कूल तीन लाख बोरा सिमेन्ट काठमाडौंलगायतका विभिन्न सहरमा बिक्री वितरण तयारी गरिएको र यसको आम्दानी कोइला खरिद लगाइने उद्योगले जनाएको छ।

चार दशक पुरानो उद्योगका मेसिन जीर्ण हुँदै गएकाले उत्पादन गर्न कठिनाइ भएको र उत्पादित सिमेन्ट सबै सहरमा बिक्री वितरण गर्न समस्या भएको जनाइएको छ। कोइला खरिद गरी ल्याइएपछि मात्रै उद्योग पुनः सञ्चालनमा ल्याउन सकिने भएको उहाँले बताउनुभयो । विसं २०३३ मा लामसुरेमा स्थापित सो उद्योगले विसं २०४३ साल मङ्सिर २६ गतेबाट व्यावसायिकरुपमा उत्पादन सुरुआत गरेको थियो । सो उद्योगमा करिब तीन सय ९० कर्मचारी कार्यरत रहेका छन् । रासस

स्ट्यान्डर्ड चार्टर्ड बैंकले १९ प्रतिशत लाभांश दिने

टुडे समाचारदाता

काठमाण्डु । स्ट्यान्डर्ड चार्टर्ड बैंकले आर्थिक वर्ष २०७९/८० को मुनाफाबाट सेयरधनीहरूलाई लाभांश वितरण गर्ने घोषणा गरेको छ।

बैंकको सोमबार बसेको सञ्चालक समितिको बैठकले १९ प्रतिशत नगद लाभांश वितरण गर्ने निर्णय गरेको हो। प्रस्तावित नगद लाभांश नेपाल राष्ट्र बैंकको स्वीकृति र बैंकको आगामी वार्षिक साधारण सभाले पारित गरेपछि सेयरधनीहरूले पाउनेछन्।

गत वर्ष कम्पनीले १६.५१ प्रतिशत नगद लाभांश वितरण गरेको थियो। गत वर्षको अनुपातमा कम्पनीले लाभांश दर बढाएको छ ।

घट्यो बैंकहरूको आधार दर, ब्याजदर ९.९५ देखि १५.८३ प्रतिशतसम्म

टुडे समाचारदाता

काठमाण्डु । कात्तिकमा वाणिज्य बैंकहरूको औसत आधारदर सामान्य घटेको छ। हालसम्म १३ बैंकहरूले आधार दर सार्वजनिक गरेका छन्। बैंकहरूको औसत आधार दर १०.१२ प्रतिशतबाट घटेर १०.१ प्रतिशत भएको छ।

यी १३ मध्ये ९ वटा वाणिज्य बैंकको आधार दर घटेको छ भने दुई वटाको वृद्धि भएको छ। बाँकीको स्थिर छ। एनआइसी एशिया बैंक र राष्ट्रिय वाणिज्य बैंकले निक्षेपको ब्याजदर बढाएको कारण आधार दर केही वृद्धि भएको हो।

यससँगै कर्जाको ब्याजदर न्यूनतम ९.९५ देखि १५.८३ प्रतिशतसम्म कायम भएको छ। बैंकहरूले कर्जामा अधिकतम १२ प्रतिशतदेखि १५.८३ प्रतिशतसम्म ब्याजदर लिने भएका छन्। बैंकहरूले कर्जामा आधार दर सहित एकदेखि पाँच प्रतिशतसम्म प्रिमियम तोकेका छन् । राष्ट्र बैंककाअनुसार गत भदौसम्ममा भने बैंकहरूको कर्जाको औसत ब्याजदर १२.२३ प्रतिशत छ। यस्तो औसत ब्याजदर १३.०३ प्रतिशतसम्म पुगेको थियो।

बैंकहरूले कात्तिकको लागि निक्षेपको अधिकतम ब्याजदर थप घटाएका छन्। यसले मंसिरमा बैंकहरूको आधार दर थप घट्नेछ। कात्तिकको लागि ब्याजदर सार्वजनिक गरेका २० वाणिज्य बैंकमध्ये दुई वटाले बाहेक सबैले मुद्दती निक्षेपको माथिल्लो सीमा घटाएका छन्।

बैंकहरूले कात्तिकमा राखिने मुद्दती निक्षेपमा अधिकतम ११.००३ प्रतिशतसम्म ब्याजदर दिने भएका छन्। असोजमा बैंकहरूले मुद्दती निक्षेपमा अधिकतम ११.०५ प्रतिशत ब्याजदर दिएका थिए।

अब ट्राफिक चेकिङमा पर्दा नागरिक एपबाटै लाइसेन्स देखाउन सकिने

टुडे समाचारदाता

काठमाण्डु । अब ट्राफिक चेकजाँच क्रममा नागरिक एपमार्फत् देखाएको सवारी चालक अनुमतिपत्र (लाइसेन्स)ले मान्यता पाउने भएको छ । सोमबार नागरिक एपले आफ्नो सामाजिक सञ्चालमार्फत् ट्राफिक नियम उल्लंघन नगरी सवारी चलाउँदा चेकजाँचको बखतमा नागरिक एपमा लिंक गरेको लाइसेन्सलाई मान्यता दिने व्यवस्था लागू भएको जनाएको हो। पोस्टमा लेखिएको छ, ।

'नेपाली नागरिकले ट्राफिक नियम उल्लंघन नगरी सवारी चलाउँदा चेकजाँचको बखतमा नागरिक एपमार्फत् देखाएको सवारी चालक अनुमति पत्रलाई मान्यता दिने व्यवस्था देशव्यापी रुपमा कार्यान्वयनमा आएको व्यहोरा जानकारी गराउँदछौं।' यदि नागरिक एपमा लाइसेन्स लिंक गरिएको छैन भने चालकहरूलाई एपमा लाइसेन्स लिंक गर्न समेत पोस्टमार्फत् अनुरोध गरिएको छ।

भुमिसुधार तथा मालपोत कार्यालय गौर रौतहट

नामसारी हकदावी बारे ३५ दिने सुचना

यसमा जि.रौ. साविक गा.वि.स. पोठियाही वडा नं.६ हाल गरुडा न.पा.वडा नं. ६ मा वस्ने सरमन साह कल्वारको नाती लक्ष्मी साह कल्वारको छोरा ललित प्रसाद साह कल्वार आफनो वावु नाता पर्ने लक्ष्मी साह कल्वारको नाउमा दर्ता रहेको तपसिलको जग्गा नामसारी गरी पाउ भनि गरुडा नपा वडा नं.६ को च.नं ३०५ मिति २०८०।०५।८ को सिफारीश साथ निवेदन माग गरेकोमा मोठ भिडान हुदा दर्तावालाको नाम लक्ष्मी साह कल्वार पोठीयाही मात्र उल्लेख रहेकोले नामसारीको हकदावीको लागी यो ३५ दिने सार्वजनिक सुचना जारी गरिएको छ । अन्य कुनै लाइ असर पर्ने भए वा नामसारी हुनु पर्ने कारण भए सवुद प्रमाण सहित आफु वा रीतपुर्वकको वारेश मार्फत प्रतिवाद गर्न आउनुहोला अन्यथा कानुन कमोजिम नामसारी.भै जानेछ ।

तपसिल

जिल्ला	गाविस	वडा नं.	कि.नं.	क्षे.फ.	दर्तावाला
रौतहट	मठिया	७	५१६	०-१-१५	लक्ष्मी साह कल्वार
,,	,,	७	५९०	०-४-०	,, ,,
,,	,,	७	५९४	०-४-०	,, ,,
,,	,,	७	५९६	०-३-०	,, ,,

श्री शिवशंकर प्राथमिक विधालय

पचरुखी, ८ रौतहट

पोखरी ठेक्काको सुचना

प्रकाशित मिति २०८०।७।११

यस श्री शिवशकर प्रा.वि.पचरुखी ८ को विद्यालयको स्टाफको निर्याय तथा गाउँपालिकाको आदेश अनुसार माछा पोखरीको ठेक्का तर्फ जानको लागि निर्णय भएकोमा २०८०।७।१६ गते विहान ८ वजे देखी हुन गइरहेकोले पोखरीको ठेक्का माछा पालन गर्नका लागि डाक बढाबढ प्रकृया द्वारा ठेक्कापट्टा हुने भएको हुदा तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही ठेक्कापट्टामा भाग लिनका लागि सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

शर्तहरू

(१)ठेकेदार नेपाली नागरीक हुनुपर्नेछ ।
(२ ठेक्काको अवधी २०८०।७।१६ देखी ५ वर्षको हुनेछ ।
(३)ठेक्का सकार गरेको रकम ३ किस्ता गरी विद्यालयको खातामा जम्मा गर्नु पर्ने छ ।
(४) तोकिएको समयमा किस्ताको रकम जम्मा नगरेमा ठेक्का बदर गरी नियमानुसार गरिनेछ ।
(५) ठेक्का सकार गर्दा कबुल रकमको १० प्रतिशत रकम नगद बुझाउनु पर्नेछ ।

डाकबढाबढ हुने मिति र स्थान

मिति २०८०।०७।१६ गते शुक्रवार विहान ८ बजे ,विद्यालयको प्राङ्गनमा

नोट शुल्क :- डाक बढाबढमा भाग लिने ठेकेदारहरुले मिति २०८०।७।१६ गते सम्म नाम दर्ता गराइ सक्नु पर्ने छ ।

प्रधानाध्यापक

जसपाले सांसदमा यादवलाई पठाउने

टुडे समाचारदाता

काठमाण्डु । जनता समाजवादी पार्टी (जसपा)ले मधेश प्रदेश सभामा खालि रहेको समानुपातिक सांसदमा सञ्जिलाकुमारी यादवलाई पठाउने निर्णय गरेको छ ।

सोमबार पार्टी केन्द्रीय कार्यालय बालकुमारीमा बसेको पार्टीको केन्द्रीय कार्यकारिणी बैठकले यस्तो निर्णय गरेको छ । समानुपातिक सांसद विन्दुकुमारी यादवको गत भदौमा निधन भएपछि उक्त स्थानमा यादवलाई चयन गरिएको छ ।

सञ्चारकर्मीहरुसँग कुरा गर्दै जसपा नेता प्रकाश अधिकारीले बैठकले मधेश प्रदेश सभामा रिक्त समानुपातिक सांसदका लागि सञ्जिलाकुमारी यादवलाई पठाउने निर्णय गरेको जानकारी दिए । उनले बैठकमा संघीय संसदमा पेस हुन लागेका ऐनहरुको बारेमा पनि बैठकमा छलफल भएको बताए । नेता अधिकारीले शिक्षा ऐन, गिटी बालुवा निकासी ऐन लगायतका बारेमा बैठकमा छलफल भएको बताए ।

यता, जसपा नेपालको केन्द्रीय कार्यकारिणी समितिको बैठक जारी छ । बैठक सोमबार दिउँसो सुरु भएको छ । बैठकमा पार्टीको संगठन विस्तार तथा सुदृढीकरण अभियानबारे पनि समीक्षा भइरहेको छ । जसपाले गत भदौदेखि तीन महिने संगठन विस्तार तथा सुदृढीकरण अभियान अभियान सञ्चालन गरिरहेको छ ।

उपसचिव अलपत्र

अनावश्यक विरोधले पालिका अस्तव्यस्त : अम्ब्या खातुन

राकेश यादव

रौतहट । नेपाल सरकारको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सरुवा गरी रौतहट पठाएका उपसचिव अलपत्र परेका छन् ।

सर्लाही जिल्लाबाट सरुवा भइ थप जिम्मेवारीका साथ रौतहट आएका उपसचिव सुरेन्द्र प्रधान न यता न उताको भएका छन् । प्रमुख प्रशासकीय अधिकृत फेरबदलमा लागेका स्थानीय प्रशासन मन्त्रालयका मन्त्री अनीता साहको कारण उपसचिव प्रधान अहिले बीच बाटो मै फसेका छन् ।

रौतहटको फतवा विजयपुर नगरपालिकामा सरुवा गरेको प्रधानलाई मन्त्रालयले बृंदाबन नगरपालिकाको थप काम काज गर्ने गरी जिम्मेवारी तोकिएको थियो ।

असोज २६ मा सरुवा भएका प्रधान ४ दिन पछि हाजिर हुन जादा जनप्रतिनिधिले गरेको विरोधका कारण हाजिर हुन नसकि कार्तिक १ गते बृंदाबन नगरपालिकामा उपप्रमुख संगीता देवी रामको तर्फबाट दोस्रो हाकिमको रुपमा हाजिर भएका थिए ।

असोज २६ गतेमा प्रधानलाई सरुवा गरेको मन्त्रालयले २ महिनाका लागि समय तोकेर बृंदाबन नगरपालिकामा कार्यरत अधिकृत छैठौ रास नारायण पटेललाइ निमित प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी दिएपछि नगर प्रमुख विनोद प्रसाद कुर्मिले प्रधान भन्दा पहिला हाजिर गराएर खाता सञ्चालन समेत गराएका थिए ।

बृंदाबन नपामा एकै दिन २ प्रमुख प्रशासकीय अधिकृत हाजिर भएको पहिलो उदहारणको रुपमा चर्चा नै कमाए । कार्तिक २ गते निमित प्रमुख प्रशाकिय अधिकृत पटेलले कर्मचारीको तलव कोष तथा लेखा नियन्त्रण कार्यालयबाट निकासा लिएर तलव सुविधा भुक्तानीसमेत गरिसकेका छन् ।

खाताको विषयमा प्रमुख तथा उपप्रमुख समर्थकबीच गौरस्थित जिल्ला प्रहरी कार्यालयको अगाडि बाटोमा कुटपिट समेत भएको थियो ।

भ्रस्टाचारको अभियोगमा कसुरदार ठहर भइ निलम्बनमा परेका फतुआ विजयपुर नगरपालिकामा उप सचिव प्रधानको विषय लिएर अहिले जनप्रतिनिधि २ भागमा विभाजित भएका छन् ।

निलम्बित नगर प्रमुखको पक्षधरका वड़ा अध्यक्ष तथा कार्यपालिका सदस्य निमित प्रमुख प्रशासकीय अधिकृत शम्भू कुमार यादवको पक्षमा उभिएका छन् भने कार्यवाहक नगर प्रमुखका जिम्मेवारी पाएका उपप्रमुख अम्ब्या खातून प्रधानको पक्षमा रहेका छन् ।

प्रधानको आगमन हुने जानकारी पाए लगतै निर्वाचित जनप्रतिनिधिले नगरपालिकामा तालाबन्दीसमेत गरेकोमा कर्मचारीहरुको तलव खुवाउने सहमतिमा २० दिनपछि कार्यालयको तालाबन्दी खोलिएको भए पनि कर्मचारीहरुले तलव तथा जेष्ठ नागरिकहरुले सामाजिक सुरक्षा भत्ता लिनबाट वञ्चित हुने अवस्थामा पुगेका छन् ।

जनप्रतिनिधिको विवादको कारण जिल्लाको ३ स्थानीय तहको खाता सञ्चालन हुन सकेको छैन भने बृंदाबन नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको विवादको कारण सञ्चालन गरिएको खाता अहिले बन्द गरिएको कोष तथा लेखा नियन्त्रण कार्यालयका प्रमुख राजन कुमार फुयालले बताएका छन् ।

जिल्लाको फतवा विजयपुर नगरपालिका, बौधिमाई नगरपालिका र यमुनामाई गाउँपालिकाको खाता सञ्चालन नभएको उहाले बताए । खाता सञ्चालनको बारेमा सम्पर्कमा कोही नआएको भनाइ उनको रहेको छ ।

टुडे समाचारदाता

रौतहट । रौतहटको फतुवा विजयपुर नगरपालिकाकी कार्यवाहक मेयर अम्ब्या खातुनले उपसचिवलाई हाजिर गराउने विषयलाई लिएर वडा अध्यक्षहरुले अनावश्यक विरोध गरी नगरपालिकालाई अस्तव्यस्त बनाएको आरोप लगाएकी छन् ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले केही दिन अघि नगरपालिकाको कार्यालय प्रमुखमा पठाएको उपसचिव सुरेन्द्र प्रधानलाई आफूले हाजिर गराउन खोजे पनि वडा अध्यक्षहरुले अझै हाजिर हुन नदिएको खातुनले आरोप लगाएकी छन् ।

पत्रकार सम्मेलनमा उनले यसअघि पालिकाको निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारीमा रहेका शम्भु यादवको मिलेमतोमा वडा अध्यक्ष, कार्यपालिका सदस्यसहित अन्य व्यक्तिहरुले समेत ठूलो आर्थिक अनियमितता गरेकोले अब भ्रष्टाचार हुन नदिन आफूले सरकारले पठाएको उपसचिव प्रधानलाई हाजिर गराई काम गर्ने वातावरण बनाउन खोजे पनि सबै वडाका वडा अध्यक्षहरुले प्रधानलाई हाजिर गराउन नचाहेको र अनावश्यक वादविवाद, बाधा अवरोध सृजना गरी नगरपालिकालाई रणभूमिमा परिणत गरेको बताइन ।

वडा अध्यक्षहरुले भ्रष्टाचार गर्ने उद्देश्यले उपसचिव प्रधानलाई हाजिर गराउन नचाहेको र निमित्त प्रशासकीय अधिकृत शम्भु यादवलाई नै पुनः हाकिम बनाई राख्न खोजेको उनले बताइन । वडा अध्यक्षहरुले निमित्त प्रशासकीय अधिकृत यादवलाई हाकिम बनाउन चाहेपनि आफूले कुनै हालतमा यादवलाई हाकिम नबनाउने बताइन । निमित्त यादवसंग मिलेर भ्रष्टाचार गर्न पल्केका वडा अध्यक्षहरुले फेरि निमित्त हाकिम यादवलाई राख्न जति प्रयास गरे पनि आफूले उनीहरुको त्यो प्रयास सफल हुन नदिने धारणा राखिन ।

वडा अध्यक्षहरुको अनावश्यक हस्तक्षेप र अडानका कारण अहिलेसम्म प्रमुख प्रशासकीय अधिकृत प्रधान कार्यालयमा हाजिर भइ कामकाज गर्न नपाउँदा आउँदै गरेको दीपावली र छठ पर्वमा समेत कर्मचारी तथा शिक्षकहरुलाई तलव खुवाउने अवस्था नरहेको उनले जानकारी दिइन ।

गौरमा प्रदर्शन

टुडे समाचारदाता

रौतहट । संघीय राजधानी काठमाण्डुको माइतीघरमा न्यायको लागि धर्नामा बसेका आरती साहको परिवारको पक्षमा रौतहटका युवाहरुले सदरमुकाम गौरमा प्रदर्शन गरेका छन् ।

दाइजोको निहुँमा हत्या गरी आत्महत्यामा परिवर्तन गर्ने चिकित्सक, प्रहरी उपरीक्षकसहित घटनाका दोषी आरती साहका पति र ससुरामाथि कारबाहीको माग गर्दै गएको असार १ गते देखि धर्नामा बसेका पीडित परिवारको लागि न्याय दिलाउने उद्देश्यले जिल्लाका सक्रिय युवाहरुको समूहले प्रदर्शन गर्दै प्रधानमन्त्री तथा गृहमन्त्री समेतलाई ज्ञापन पत्र बुझाएका छन् ।

२०८० साल जेष्ठ ६ गते धनुषाकी २२ वर्षीया आरती साहलाई योजनावद्ध रुपमा गरिएको हत्याको निष्पक्ष छानबिन गरी दोषीमाथि कानुनी कारबाही गरी कानुनी राज्यको अनुभूतिको लागि आन्दोलनमा बसेका मृतक साहकी बुवा, आमा, बहिनीमाथि सरकार तथा प्रहरीले गरेको ज्यादतीको विरुद्ध युवाहरुले चर्को नाराबाजीसमेत गरेका छन् ।

गौरको मधेशी क्रान्ति चोकबाट सयौं युवाहरुको सहभागितामा निस्केको रैली आरती साहलाई न्याय देऊ, हत्यारा जोगाउने मुर्दाबाद , दोषीमाथि कारबाही गर जस्ता नारा लगाउँदै नगर परिक्रमा गर्दै जिल्ला प्रशासन कार्यालयमा पुगेर प्रमुख जिल्ला अधिकारी धर्मेन्द्र कुमार मिश्रलाई ज्ञापनपत्र बुझाएको युवा नेता विक्रम यादवले बताएका छन् ।

ज्ञापनपत्रमा शान्तिपूर्ण रुपमा आन्दोलनमा बसेका आरती साहको परिवारको सुरक्षा, दोषी प्रहरी उपरीक्षक, चिकित्सकलाई कानुनी कारबाही, पीडितमाथिको आक्रमण, प्रहरी ज्यादती बन्द गर्नुपर्ने लगायतका माग उल्लेख गरिएको छ ।

धर्नामा बसेका आरती साहको परिवारको माग सम्बोधन गरिएन भने देशव्यापी रुपमा आन्दोलन गर्ने चेतावनी समेत दिएका छन् ।

बजार अनुगमनलाई निरन्तरता

टुडे समाचारदाता

राजविराज । दशैंका बेला तीव्र बनाइएको बजार अनुगमनलाई जिल्ला प्रशासन कार्यालय सप्तरी नेतृत्वको संयुक्त बजार अनगुमन टोलीले निरन्तरता दिएको छ ।

बजारमा चाडपर्व लक्षित गरेर म्याद गुज्रेको, गुणस्तरहीन, लेवल नभएका लगायतका वस्तु बिक्री गर्न सक्ने कुरालाई ध्यानमा राखेर सघन रुपमा बजार अनुगमन जारी राखिएको छ । यसै क्रममा सोमबार छिन्नमस्ता गाउँपालिकास्थित प्रसिद्ध शक्तिपीठ छिन्नमस्ता भगवती मन्दिर आसपासका बजारमा टोलीले अनुगमन गरेको छ ।

जिल्ला प्रशासन कार्यालयका नासु सुशील कर्ण, खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय सप्तरीका प्रमुख सुरेश सिह, खाद्य निरीक्षक राजीन बुढाथोकी नेपाल प्रहरीका सई विजय गौतम, सशस्त्र प्रहरीका हवल्दार राज खडका, जयराम मण्डल, स्थानीय जनप्रतिनिधि र सञ्चारकर्मी उक्त टोलीमा सहभागी रहेका थिए ।

अनुगमनका क्रममा मन्दिर नजिकै रहेको मिथिला प्रसाद भण्डारबाट ढुसी परेका २४ केजी लड्डु र २ केजी पेडा बरामद गरी नष्ट गरिएको छ । यस्तै मुकेश नास्ता एण्ड कोल्ड स्टोर तथा अर्जुन होटल एण्ड मदिरा पसलबाट ढुसी परेका प्रसाद समाग्री तथा म्याद गुज्रेका एक दर्जन चिसो पेय पर्दाथका बोतलहरु जफत गरी नष्ट गरिएको खाद्य निरीक्षक बुढाथोकीले जानकारी दिए ।

बजारमा म्याद गुज्रेका सडेगलेका, लेवल नभएका, मूल्यमा एकरुपता नदेखिएका, पसल दर्ता नभएका, नवीकरण नगराएका लगायतका समस्या देखिएपछि अनुगमनलाई निरन्तरता दिइएको खाद्य प्रविधि तथा गुणनियन्त्रण डिभिजन कार्यालयका प्रमुख सिंहको भनाई छ ।

स्कुलका सञ्चालक सर्राफको हत्या

टुडे समाचारदाता

वीरगञ्ज । अज्ञात समूहले सामेबार दिउँसो बाराको कलैयास्थित बाल एकता बोर्डिङ स्कुलका सञ्चालक रुपेश सर्राफको गोली हानी हत्या गरेको छ । मोटरसाइकलमा आएको उक्त समूहले सर्राफको गोली हानी हत्या गरेको जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी उपरीक्षक सुरेश काफ्लेले जानकारी दिएका छन् ।

टाउको र छातीमा गोली लागेर घाइते भएका सर्राफको वीरगञ्जस्थित नेपाल मेडिसिटी बयोधा अस्पतालमा उपचारको क्रममा मृत्यु भएको छ ।

विद्यालयबाट कलैया बजारतर्फ आउँदै गर्दा दिउँसो १ बजेतिर कलैया उपमहानगरपालिकाको मदर्सा टोल नजिकै सञ्चालक सर्राफमाथि दुई राउण्ड गोली प्रहार भएको प्रहरीको भनाइ छ । सञ्चालक सर्राफमाथि गोली प्रहार गर्नेहरु फरार रहेको र उनीहरुको खोजी भइरहेको प्रहरी उपरीक्षक काफ्लेको जानकारी दिए । दिन दहाडै सर्राफको हत्याले शान्ति सुरक्षाप्रति नागरिक अगुवाहरूले चिन्ता व्यक्त गरेका छन् । उनीहरुले आफू असुरक्षित महसुस गरेको भन्दै घर बाहिर हिँडडुल गर्ने वातावरण बनाउन प्रशासनसंग माग गरेका छन् ।

यता प्रहरी उपरीक्षक काफ्लेले घटनाका मुख्य पात्रलाई कलैयाबाट पक्राउ गर्न सफल भएको दाबी गरे पनि नाम भने हाल सार्वजनिक गरेका छैनन् । पक्राउ गरेका व्यक्तिको नाम अहिले सार्वजनिक गर्दा घटनामा संलग्न अन्य अपराधीहरू भाग्न सक्ने भएकाले नाम सार्वजनिक नगरिएको प्रहरी उपरीक्षक काफलेले जानकारी दिए ।

मोटरसाइकल पनि पहिचान भइसकेकोले चाडै ती मोटरसाइकल नियन्त्रणमा लिने बताउँदै घटनाको सुक्ष्म रुपमा अनुसन्धान गरिरहेको र चाडै नै अपराधीहरूलाई समात्ने बताए ।

यता गोली हानी बोर्डिङको सञ्चालकको हत्या गर्नेलाई पक्राउ गर्न माग गर्दै कलैयाको मुख्य चोकमा प्रदर्शन गरिएको छ ।

गोली प्रहार गर्नेलाई कारबाहीको माग गर्दै विभिन्न पार्टी निकटका युवा विद्यार्थी, तरुण, स्थानीयवासी र शिक्षकहरूले भरत चोकमा टायर बालेर प्रदर्शन गरेका छन् ।

उनीहरुले जिल्ला सदरमुकाममै दिनदहाडै शिक्षकमाथि गोली प्रहार गरेर हत्या भएको भन्दै प्रहरी प्रशासनविरुद्ध नाराबाजी गरेका थिए ।

२०८० साल असोज ८ गते पचरौता नगरपालिका वडा नम्बर १ पिपरपातीका ३५ वर्षीय अमरेश कुमार सिंह र सोही नगरपालिका वडा नम्बर ६ लक्ष्मीनियाको पोखरीको डिलमा भारत बिहारका २२ वर्षीय अजित कुमार सिंहलाई असोज ९ गते गोली हानी हत्या गरिएको थियो ।

चोरीको मोटरसाइकलसहित एक जना पक्राउ

टुडे समाचारदाता

पर्सा । प्रहरीले चोरीको चारवटा मोटरसाइकलसहित वीरगञ्जबाट एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा वीरगञ्ज महानगरपालिका-१६ का २८ वर्षीय अजय गोसाईं रहेका छन् ।

वीरगञ्ज-१० स्थित सडक खण्डमा कार्तिक २ गते पार्किङ गरी राखेको ना५४प ४७२४ नम्बरको मोटरसाइकल र प्रदेश २-०३-०२२ प ९२७२ नम्बरको मोटरसाइकल लक तोडेर चोरी भएको थियो । ती मोटरसाइकल खोजी गर्ने क्रममा नारायणी अस्पतालको पार्किङबाट गोसाईं पक्राउ परेका छन् । उनले चोरी गरेको मोटरसाइकल नै प्रयोग गरिरहेको अवस्थामा पक्राउ परेको जनाइएको छ ।

पक्राउ पछि अनुसन्धानको क्रममा उनको साथबाट सोही स्थानबाट चोरी भएका थप ३ वटा मोटरसाइकलसमेत बरामद भएको छ । बरामद भएका अन्य मोटरसाइकलहरु प्रदेश २-३-२२ प ९२७२, ना ५४ प ४७२४, ना ३६ प ९८५३ र ना ६४ प ३९०६ नम्बरका रहेका छन् ।

बालबालिकाको खानपानः अभिभावकले दिनु पर्छ ध्यान ।

- बालबालिकालाई उमेर अनुसार पौष्टिक खाना खुवाऔं,
- आवश्यकता अनुसारको खाना आएपछि थप खानाका लागि करबल बगरौं,
- प्राकृतिक स्वाद जस्तैः घ्यू, मह, दूध तथा स्थानीय खानाहरुको स्वाद भएको खानेकुरा खुवाऔं,
- पत्रुखाना (जंकफूड) को प्रयोग नगरौं,
- बालबालिकालाई अभिभावकसँगै राखेर खाना खुवाऔं,
- बालबालिकाको दैनिक खाना खाने समय निर्धारण गरी सोही समयमा खाना खुवाउने गरौं,
- परिवारका सदस्य एवं बालबालिकाले खाना खाने समयमा मोबाईल तथा टि.भी. को प्रयोग नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८